Jana Aakash National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ४६, २०८३ साल असार ९ गते मंगलबार (June 23, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

### रास्वपाको अधिवेशनमा
# गगन थापाको गर्जन



चितवन । एकल सरकार रहेको पार्टी रास्वपाको प्रथम अधिवेशनमा नेपाली काँग्रेस तथा प्रतिपक्षी दलमा सभापति गगन थापाले चितवनमा पुगेर प्रजातान्त्रिक अभ्यास नेपाली काँग्रेसले विगतमा गरेका सर्घष त्याग, तपस्याको जगमा स्थापना भएको प्रजातान्त्रिक व्यवस्था र त्यस व्यवस्था स्थपाना पछि नेपाली नागरिकहरुले प्राप्त गरेको स्वतन्त्रा त्यहि स्वतन्त्रताको जगमा उभिएर आजका पछिल्लो पुस्ताले गरेको खबदारी आलोचनाले ल्याएको २०८२ सालको निर्वाचनमा रास्वपाले ल्याएको मत बाढी जस्तै आएको जस्ता अभिव्याक्ति दिदै सभापति थापाले थपे, "मेरो रगतमा बिपीको, गणेशमानको रगत त छैन । तर विपी विचार, गणेशमानको साहास तथा त्याग मेरो मष्तिकमा छ ।" भन्दै गर्ज्रीएका हद्रन् । कार्यक्रममा पूर्व प्रधानमन्त्री डा. बाबद्राम भट्टराई, तराईवादी दलका सिके राउत, नेकपा एमालेका प्रदिप ज्ञावली लगायतले पनि रास्वपाको प्रथम अधिवेशनमा पद्गेर शद्रभकामना दिएका थिए ।

रास्वपाको प्रथम अधिवेशनको मञ्चमा नै नेकपा एमाले प्रदीप ज्ञवलीले शुभकामना मन्तव्य राख्दै गाडी चलाउदा ब्रेक लगाउनुपर्छ दाया बाया हेरेर चलाउनुपर्छ स्पीड लिमिट हुनुपर्छ ओभर स्पीड भयो भने दुर्घटना हुन्छ भन्ने अभिव्याक्ति दिएका थिए । उक्त भनाईलाई कार्यक्रमका प्रमुख अतिथि तथा प्रधानमन्त्री बालेन्द्र शाहले हाम्रो मञ्वाट नै वोल्दै हाम्रो गाडी लोकल पेसेन्जर बोकेर हिड्ने गाडी होइन हाईवेमा कुदेको गाडी हो । यो गन्तव्यमा नपुगी रोकिदैन । हाईवेमा कुद्ने गाडीलाई ब्रेक लगाउदै पर्दैन भनेर मञ्चवाट जवाफको रुपमा भाषण गर्दा रास्वपाका कार्यकर्ताले ताली बजाएर स्वागत गरेका थिए । उनले पार्टीभित्र प्यानल बनाउने प्रबृतिको विरोध गर्दै जनताको सेवा गर्न परयो जनताको काम गर्न परयो जनताको काम गरे जनताले नेता बनाई हाल्छन नी किन पार्टीले नेता बनाउनु परयो ।

हामीले अहिले यसरी प्यानल बनाउने काम गऱ्यौ भने भोली त्यो हागो रुखको रुपमा झागिन्छ र त्यसलाई काट्नुपर्ने हुन्छ । त्यसकारण त्यस्तो प्यानल अर्थात गुटको विउ रोप्ने काम नगरौ भन्दै सवै नेता कार्यकर्ता »बाकी ६ पृष्ठमा

### श्रीकृष्ण मृत्यु प्रकरण
## पोस्टमार्टम रिपोर्टमा आत्महत्या देखियो : गृहमन्त्री



काठमाडौं- सिन्धुलीको प्रहरी हिरासतमा श्रीकृष्ण विकको मृत्यु भएको घटनामा प्रहरीले कुनैपनि किसिमको शारीरिक वा मानसिक यातना नदिएको पुष्टि भएको छ ।

गृहमन्त्री सुधन गुरुङले भुवनबहादुर सुनारले राखेको जिज्ञासाको जवाफ दिँदै शुक्रबार बसेको राष्ट्रिय सभाको बैठकमा यस्तो जानकारी दिएका हुन् ।

नेपाल प्रहरी महानिरीक्षक( आईजीपी) दानबहादुर कार्कीले प्रहरी नायब महानिरीक्षक(डीआईजी) दिनेशकुमार आचार्यको संयोजकत्वमा प्रहरी प्रधान कार्यालय युएन शाखाका प्रहरी उपरीक्षक(एसपी)रविन्द्रनाथ पौडेल, केन्द्रीय अनुसन्धान ब्युरो(सीआईबी)का इन्सपेक्टर ईन्द्रजित सुनार, काठमाडौं उपत्यका »बाकी ६ पृष्ठमा

## बैठकमा अनुपस्थित सांसद कारबाहीमा पर्न सक्ने गरी आन्तरिक कार्यविधि

काठमाडौं- संसदीय समितिका पाँच वटा बैठकमा लगातार अनुपस्थित रहने सांसद कारबाहीमा पर्न सक्ने गरी आन्तरिक कार्यविधि बनेको छ ।

विगतको प्रावधानलाई समेत निरन्तरता दिएर प्रतिनिधिसभा अन्तर्गतको कानुन न्याय तथा मानव अधिकार समितिले यस्तो प्रावधानसहितको कार्यविधि बनाएको हो ।

समितिले तय गरेको कार्यविधिको बुँदा नम्बर ४ मा उपस्थितिसम्बन्धी विषय रहेको छ । जसअनुसार समितिको बैठकमा उपस्थित सदस्यले वर्णानुक्रम अनुसार बैठक कक्षमा राखिएको हाजिरी पुस्तिका वा विद्युतीय उपस्थिति उपकरणमा आफ्नो उपस्थिति जनाउनु पर्नेछ ।

बैठकमा »बाकी ६ पृष्ठमा

## महानिर्देशक तीर्थराज अर्याल विरुद्ध भ्रष्टाचार मुद्दा



काठमाडौं- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पासपोर्ट ठेक्का प्रकरणमा विभागका महानिर्देशक तीर्थराज अर्याल, सहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले महानिर्देशक अर्याल, निर्देशक सुनिल केसी, लेखा अधिकृत तुलसी आचार्य, निर्देशक शत्रुधन शर्मा पोखरेल र रविन्द्र राजभण्डारी, उपसचिवहरू राजाराम दाहाल, भेष प्रसाद भुर्तेल, पुस्कर नेपाल, अधिकृत सोमेश थापा, आईटी अधिकृत विपिन प्रसाईं, नेपाली सहजकर्ता सिद्धार्थ थापा र मनिन्द्रराज मल्ल लगायत १६ जना व्यक्तिविरुद्ध मुद्दा दायर भएको हो ।

सिद्धार्थ पासपोर्ट ठेक्का लिने जर्मन कम्पनी भेरिडोसका नेपाल प्रतिनिधि हुन् । »बाकी ६ पृष्ठमा

## फेरि पनि नेपाल सम्पत्ति शुद्धीकरणको खैरो सूचीमा




काठमाडौं- नेपाल सम्पत्ति शुद्धीकरणको खैरो सूचीमा फेरि पनि परेको छ ।

फ्रान्सको पेरिसमा आयोजित फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को प्लेनरी तथा वर्किङ ग्रुप बैठकले नेपाललाई सम्पत्ति शुद्धीकरण तथा आतंकवादी लगानीको जोखिमपूर्ण सूची (ग्रे लिस्ट)मा निरन्तरता दिएको हो ।

यसअघि सन् २००८ मा नेपाल जोखिमपूर्ण सूची (ग्रे लिस्ट)मा परेको थियो । सन् २०१२ मा नेपाल झण्डैझण्डै ब्ल्याक लिस्टमा परेको थियो । त्यसबेला अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ)ले नेपालमा हामी सुधार गराउँछौं, »बाकी ६ पृष्ठमा

### रास्वपाको पहिलो महाधिवेशन
# नयाँ शक्ति, नयाँ नेतृत्व र राजनीतिक बहसको केन्द्रमा घण्टी



**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो महाधिवेशनले नेपाली राजनीतिक वृत्तमा नयाँ बहस सिर्जना गरेको छ । पार्टी गठन भएको छोटो समयमै देशभर संगठन विस्तार गर्दै आएको रास्वपाले पहिलो महाधिवेशनमार्फत आफ्नो आगामी राजनीतिक दिशा, नेतृत्व संरचना र संगठनात्मक योजनालाई अघि बढाउने तयारी गरेको छ ।

देशभरका स्थानीय तहमा अधिवेशन सम्पन्न गर्दै रास्वपाले महाधिवेशन प्रतिनिधि छनोट प्रक्रिया अघि बढाएको छ । पार्टीले सदस्य संख्या ५ लाखभन्दा बढी पुगेको दाबी गर्दै ६१० भन्दा बढी पालिकामा संगठन विस्तारको काम सम्पन्न भएको जनाएको छ ।

रास्वपाले पहिलो महाधिवेशनलाई संगठन निर्माणको महत्वपूर्ण चरणका रूपमा लिएको छ । पार्टीका अनुसार देशका विभिन्न स्थानीय तहमा अधिवेशन सम्पन्न »बाकी ६ पृष्ठमा

**गगन थापा**

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले रास्वपालाई राजनीतिक प्रतिस्पर्धीका रूपमा हेर्नुपर्ने बताए । उनले कांग्रेस र रास्वपा फरक विचार र दृष्टिकोण भएका दल भए पनि लोकतान्त्रिक प्रतिस्पर्धा आवश्यक रहेको धारणा »बाकी ६ पृष्ठमा

**सीके राउत**

जनमत पार्टीका अध्यक्ष सीके राउतले रास्वपाको उदयलाई नयाँ राजनीतिक यात्राका रूपमा व्याख्या गरे । उनले आफूले पनि विगतमा परिवर्तनको सपना देखेको उल्लेख गर्दै नयाँ शक्तिहरूले जनताको अपेक्षा »बाकी ६ पृष्ठमा

**राजेन्द्र लिङ्देन**

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले रास्वपालाई प्राप्त अवसरलाई सही रूपमा प्रयोग गर्न आग्रह गरे । उनले राजनीतिक परिवर्तनका »बाकी ६ पृष्ठमा

**बालेन**

प्रधानमन्त्री बालेन शाहले रास्वपाको महाधिवेशनलाई सम्बोधन गर्दै आफूहरूको राजनीतिक यात्रा लक्ष्य पूरा नभएसम्म जारी रहने बताए ।

उनले आफूहरू देश परिवर्तनको उद्देश्य लिएर अघि बढेको उल्लेख गर्दै कुनै दबाब वा अवरोधले यात्रालाई रोक्न नसक्ने धारणा राखे ।

बालेनले भने, "हाम्रो गाडी गन्तव्यमा पुगेपछि मात्र ब्रेक लाग्छ ।" »बाकी ६ पृष्ठमा

**रवि लामिछाने**

रास्वपा सभापति रवि लामिछानेले पुराना राजनीतिक दलका अनुभव र कमजोरीबाट सिकेर अघि बढ्नुपर्ने बताए ।

उनले नयाँ पुस्ताको अपेक्षा पूरा गर्न संगठनलाई बलियो बनाउनुपर्ने भन्दै रास्वपा केवल प्रश्न गर्ने होइन, समाधान दिने शक्तिका रूपमा स्थापित हुनुपर्ने धारणा राखे ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४६,
२०८३ साल असार ९ गते मंगलबार
23 JUNE 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### जोखिम न्यूनिकरण गर्न सावधानी अपनाऔ ।

अतिवेला असार लागिसकेको छ । केही ठाउँमा वर्षा शुरू पनि भईसकेको छ । तर अन्य वर्षहरू जस्तो बर्षा भएको छैन । नेपालमा असार, साउन निरन्तर वर्षा हुने महिनाहरू हुन् । तर केही दशक एता असार, साउनमा हुने वर्षहरू भदौमा दर्कने पानी पर्ने २०८१, ८२ असोजमा भारी बर्षा भएको कारण नेपालका धेरै क्षेत्रमा जन धनको क्षति भएको छ ।

त्यसकारण समय अनुसार वर्षामा हुने जोखिमलाई न्यूनिकरण गर्न समयमा सर्तक अपनाउने जोखिम युक्त ठाउँहरूमा वस्तीहरु छन् भने वस्तीलाई अन्यत्र सार्ने, जोखिम हुन सक्ने क्षेत्रमा उदार, व्यवस्थापन विज्ञहरू परिचालन गर्ने जस्ता पूर्व तयारीका कामहरू गरेर जोखिम न्यूनिकरण गर्न सकिन्छ ।

नेपालका सरचनाहरू जथाभावी घरहरू निर्माण गर्ने सरकारले नागरिकले आवास बनाउनको लागि मापदण्ड अहिलेसम्म बनाएको पाइदैन । त्यसैले कस्तो क्षेत्रमा बसोबास बसाउने, कस्तो क्षेत्रमा खेतीपाती गर्ने, कस्तो क्षेत्रमा पशुपालन गर्ने, कस्तो क्षेत्रमा टुरिज्मको विकास गर्ने कस्तो क्षेत्रमा खेलकुदको विकास गर्ने जस्ता कार्यक्रम आगडी बढाएको पाइदैन । त्यसैले गर्दा मानिसहरू एक ठाउवाट अर्को ठाउ बसोबास सर्ने, गर्ने गरेका छन् । कहिले कता कहिले कता एतापो हुन्छकी भनेर उतापो हुन्छकी भनेर नागरिकलाई जिम्मेवार बनाउन सरकारले भुमिका निर्वाह गर्न सकेको छैन । त्यसकारण पनि जोखिमहरू बढेका कुनै मानिस आफ्नो घर छोडेर व्यापार हुने क्षेत्र जस्तै राजमार्गको छेउमा भिरको मुनि छाप्रो हालेर कोही खोलाको किनारमा छप्रो हालेर व्यापार व्यवास गर्न पुग्छन् । तर पछि आउने बाढी, पैरो आगजनी, ड्बान जस्ता भविष्यमा आइपर्ने समस्याहरूको वारेमा जानकार हुदैनन् ।

माथि देखिएका समस्या आउन नदिनकै लागि सरकारले देशको सम्पुर्ण क्षेत्रमा अध्ययन गरेर कस्तो खालको डिजाइन बनाएर देशका भौतिक सरचनाहरू बनाउदा देशको सुन्दरता बढ्छ र नागरिकहरू कसरी सुरक्षित हुन्छन् भन्ने सोच राखेर काम गर्न थाल्नुपर्छ ।

यसरी क्रमिक रूपमा नेपालमा हुने दुघटनाको जोखिम कम गर्न सक्ने दिर्धकालीन उपायहरू हुन् ।

# स्वतन्त्र पत्रकारिता, विज्ञापन बहस र महासंघको आन्दोलन



■ रमेश कुमार बोहोरा

> असार ५ गते काठमाडौंमा पेशागत सङ्गठन तथा सरोकारवालासहित माइतीघर मण्डला देखि बबरमहल सम्म बृहत् ऐक्यबद्धता र्‍याली आयोजना गरियो, जसमा हजारौं नागरिक सडकमा उत्रिएका थिए । यसले महासंघ आन्दोलनलाई निर्णायक चरणतर्फ लैजान खोजिरहेको स्पष्ट संकेत दिएको छ ।

समुन्न लोकतन्त्रमा यसका प्रत्यक्ष, अप्रत्यक्ष अंगहरु अर्थात् संविधानले चिनेका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका साथ सर्वमान्य रुपमा स्वीकृत चौथौं अंग 'पत्रकारिता'को स्वतन्त्रता, पत्रकारहरुको हक, अधिकार, सुरक्षाका साथै उनीहरुको सम्मान र सहज जीविकोपार्जनको अवस्था स्थापित भएको हुन्छ ।

जनताको आवाज मुखरित गर्ने, राज्यसत्ता र अन्य निकायहरुलाई खबरदारी गर्ने, राम्रा कामको चर्चा गर्ने, खराब कामको आलोचना गर्ने र सचेत पार्दै समाज निर्माणको यात्रामा अघि बढाउने जिम्मेवारी स्वतन्त्र पत्रकारिताको हुन्छ ।

यस्तो पत्रकारिता राज्य, कुनै निकाय, कुनै राजनीतिक दल, संगठन, समुदायको प्रभावबाट मुक्त हुनुपर्छ । अझ राज्यतहबाट अप्रत्यक्षा रुपमा प्रेसमाथि अंकश लगाउन खोजियो भने त्यहाँ लोकतन्त्र कमजोर हुँदै जान्छ ।

नेपालमा अहिले स्वतन्त्र पत्रकारिता र लोकतन्त्रको बहस चुलिएको छ । फागुन २१ गतेको निर्वाचनपछि गठन भएको झण्डै दुई तिहाइको सरकारले २०८२ चैत १८ गते तीनै तहका सरकारकी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्रै दिने गर्ने निर्णय गरेपछि त्यसलाई लिएर सुरु भएको विवाद अहिले अन्तर्राष्ट्रिय मञ्चसम्म पुगेको छ ।

यो केवल विज्ञापन वितरणको विषय होइन, प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र स्वतन्त्र सञ्चारमाध्यमको आर्थिक अस्तित्वसँग जोडिएको विषय हो । सरकारको उक्त निर्णयले निजी सञ्चारमाध्यमलाई क्रमशः आर्थिक रूपमा कमजोर बनाउने र अन्ततः सञ्चार क्षेत्रलाई राज्यको नियन्त्रणमा सीमित गर्ने मनसाय रहेको आरोपलाई बलियो बनाएको छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा सरकार सबै नागरिक र संस्थाप्रति समान व्यवहार गर्न बाध्य हुन्छ । तर सूचना र विज्ञापनजस्ता सार्वजनिक स्रोतलाई सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णयले राज्य आफैँ प्रतिस्पर्धी बनेर निजी सञ्चारमाध्यमलाई निषेध गर्ने मनोवृत्ति झल्काएको छ । यी घटनाक्रमले गम्भीर चिन्ता जन्माएको छ । नेपाल पत्रकार महासंघले सुरुदेखि नै उक्त निर्णयको विरोध गर्दै त्यसलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपका रूपमा व्याख्या गरेको थियो । महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय खारेज गर्न माग गर्दै राष्ट्रिय मानवअधिकार आयोगको समेत ध्यानाकर्षण गराएको थियो ।

अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकसँग सम्बन्धित संवेदनशील विषयमा हस्तक्षेप गर्न आयोगलाई आग्रह गरिएको थियो । तर आयोगको प्रतिक्रिया आश्चर्यजनक रूपमा मौन रह्यो । मानवअधिकार आयोगको मौनताले अनेक प्रश्न जन्माएको छ । नागरिकका आधारभूत अधिकारको संरक्षण गर्ने संवैधानिक जिम्मेवारी बोकेको संस्थाले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतासँग प्रत्यक्ष जोडिएको विषयमा किन मौनता रोज्यो ? जब अभिव्यक्ति स्वतन्त्रता खुम्चिने खतरा देखिन्छ, त्यतिबेला आयोगको भूमिका अझ सक्रिय हुनुपर्ने होइन र ? विडम्बना के छ भने, सामान्य विषयमा समेत प्रेस विज्ञप्ति जारी गर्ने आयोग यस विषयमा भने न बोल्यो, न कुनै अनुसन्धान गर्‍यो, न सरकारलाई सचेत गराउने प्रयास नै गर्‍यो ।

आयोगको यही निष्क्रियता अहिले आलोचनाको केन्द्रमा पुगेको छ । किनभने प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप कुनै एउटा सञ्चार गृहको समस्या मात्र होइन, त्यो नागरिकको सूचना प्राप्त गर्ने अधिकारसँग जोडिएको विषय हो । सञ्चारमाध्यम कमजोर हुँदा अन्ततः कमजोर हुने लोकतन्त्र नै हो । सरकारले निर्णय गरेको दुई महिना बितिसक्दा पनि मागको सुनुवाइ नभएपछि नेपाल पत्रकार महासंघ आन्दोलनको बाटो रोज्न बाध्य भएको छ ।

महासंघले सूचना तथा विज्ञापनसम्बन्धी विभेदकारी र स्वेच्छाचारी निर्णय खारेज, प्रेसको संवैधानिक हकको रक्षा, संवादमार्फत सर्वपक्षीय कार्यदल गठन तथा निर्बाध सूचना उपयोगको सुनिश्चितताका लागि चरणबद्ध आन्दोलन घोषणा गरेको छ । वैशाख ९ गतेदेखि सुरु भएको आन्दोलन अन्तर्गत प्रदेश समितिहरूले मुख्यमन्त्रीहरूसँग छलफल गरेका थिए । वैशाख १० गते सम्पूर्ण नेपाल पत्रकार महासंघ जिल्ला शाखाले प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको थियो भने केन्द्रीय कार्यालयले पत्रकार सम्मेलनमार्फत आफ्नो धारणा सार्वजनिक गर्‍यो ।

वैशाख ११ गते सम्पादकीय ऐक्यबद्धता प्रदर्शन गरियो र सामाजिक सञ्जालमार्फत विरोधका सामग्री सार्वजनिक गरिएको छ । 'समान विज्ञापन, सशक्त सञ्चारमाध्यम र सुरक्षित पत्रकार' तथा 'सरकारी विज्ञापन सबैलाई देऊ' भन्ने नारासहित आन्दोलनलाई थप विस्तार महासंघले गर्‍यो । वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल महासंघले गर्‍यो भने वैशाख १५ गते स्थानीय तहलाई संघीय सरकारको निर्णय कार्यान्वयन नगर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइयो । जेठ ७ गतेदेखि एक सातासम्म हस्ताक्षर सङ्कलन अभियान सञ्चालन गरियो । जेठ ११ गते संघीय संसद्का सभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा विषयगत समितिका सभापतिहरूलाई ज्ञापनपत्र बुझाइयो । त्यसै दिन देशभरका सञ्चारमाध्यममा विरोधस्वरूप सम्पादकीय वा अन्य उपयुक्त स्थानमा कालो पोत्ने अभियान सञ्चालन गरियो ।

त्यसपछि पनि माग पूरा नभएपछि आन्दोलन थप सशक्त बनाइयो । जेठ २५ गते देशभर सङ्कलित हस्ताक्षर प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाइयो । जेठ २७ र २९ गते जिल्ला प्रशासन कार्यालयहरूमा धर्ना दिइयो । असार १ र ३ गते मुख्यमन्त्री कार्यालयहरूमा धर्ना कार्यक्रम सञ्चालन गरियो ।

अन्ततः असार ५ गते काठमाडौंमा पेशागत सङ्गठन तथा सरोकारवालासहित माइतीघर मण्डला देखि बबरमहल सम्म बृहत् ऐक्यबद्धता र्‍याली आयोजना गरियो, जसमा हजारौं नागरिक सडकमा उत्रिएका थिए । यसले महासंघ आन्दोलनलाई निर्णायक चरणतर्फ लैजान खोजिरहेको स्पष्ट संकेत दिएको छ ।

महासंघको आन्दोलन केवल विज्ञापनको हिस्साका लागि होइन, लोकतान्त्रिक मूल्य र प्रेस स्वतन्त्रताको रक्षाका लागि भएको दाबीलाई सहजै अस्वीकार गर्न सकिँदैन । किनभने सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने कुनै पनि नीति अन्ततः आलोचनात्मक आवाजलाई नियन्त्रण गर्ने अप्रत्यक्ष रणनीतिका रूपमा प्रयोग हुने गरेको विश्वव्यापी अनुभव छ । चिन्ताजनक पक्ष के हो भने, सरकारले पत्रकार समुदायको गम्भीर आपत्ति र महासंघको निरन्तर दबाबलाई समेत बेवास्ता गरिरहेको छ । लोकतन्त्रमा असहमति सुन्ने संस्कार आवश्यक हुन्छ । तर सरकारको व्यवहार हेर्दा आलोचनात्मक आवाजप्रति असहिष्णुता बढ्दै गएको संकेत देखिन थालेको छ । सरकारको निर्णयमा पुनर्विचार गर्नुको सट्टा आन्दोलनलाई सामान्य रूपमा लिएर समय बिताउने रणनीति अपनाइएको जस्तो देखिन्छ । यही प्रवृत्तिले समस्या झन् जटिल बन्ने खतरा बढाएको छ ।

सबैभन्दा चिन्ताजनक पक्ष भने नेपालको प्रेस स्वतन्त्रताको विषय अन्तर्राष्ट्रिय पत्रकार महासङ्घको पेरिस सम्मेलनसम्म पुग्नु हो । सम्मेलनले नेपालको अवस्थाबारे विशेष प्रस्ताव पारित गर्दै सरकारलाई आफ्नो निर्णय पुनर्विचार गर्न आग्रह गरेको छ । एउटा लोकतान्त्रिक मुलुकको नाम अन्तर्राष्ट्रिय चिन्ताको सूचीमा पर्नु सामान्य घटना होइन । यसले नेपालको लोकतान्त्रिक छवि र अन्तर्राष्ट्रिय प्रतिष्ठामाथि प्रश्न उठाएको छ ।

नेपालले लामो संघर्षपछि प्राप्त गरेको प्रेस स्वतन्त्रता कुनै सरकारको दया वा कृपाबाट प्राप्त भएको होइन । त्यसका लागि पत्रकारहरूले जेल भोगेका छन्, धम्की सहेका छन् र कतिपयले जीवन नै बलिदान गरेका छन् । त्यसैले प्रेस स्वतन्त्रतालाई कमजोर पार्ने कुनै पनि कदमलाई सामान्य प्रशासनिक निर्णयका रूपमा व्याख्या गर्न मिल्दैन । अहिलेको आवश्यकता टकराव होइन, संवाद हो । सरकारले आफ्नो निर्णय पुनरावलोकन गर्दै सबै पक्षको सहभागितामा समाधान खोज्नुपर्छ । राज्यका निकायहरूले पनि आफ्नो संवैधानिक दायित्व सम्झिनुपर्छ । मानवअधिकार आयोगले आफ्नो मौनता तोडेर स्पष्ट धारणा सार्वजनिक गर्नुपर्छ । प्रेस स्वतन्त्रताको सवालमा मौनता पनि एउटा प्रकारको सहमति ठहरिन सक्छ भन्ने तथ्य आयोगले बुझ्न आवश्यक छ ।

यही विषयमा आन्दोलनका सवालमा उठेका केही तर्कहरुलाई पनि मनन गर्नुपर्ने आवश्यकता छ । सरकारी विज्ञापन ठूला घरानिया संचारमाधयमले नपाउँदा कसरी प्रेस स्वतन्त्रता हनन् भयो ? झट्ट हेर्दा सोचनीय जिज्ञासा हो । जिज्ञासाभित्र उत्तर पनि छ कि विज्ञापन नभए संचारमाध्यम कमजोर हुन्छन् ? अर्को प्रश्न छ, उसो भए साप्ताहिक पत्रिकाहरुलाई समानुपातिक विज्ञापन दिलाउन किन नसकिएको ?

मूल प्रश्न यहीनेर आउँछ । नेपाली पत्रकारिताको इतिहास, संघर्ष, त्यागलाई जीजित राखेका साप्ताहिक पत्रिकाहरुको अस्तित्व रक्षाका लागि पनि महासंघ जसरी सरकारी विज्ञापन नदिने निर्णयको बिरोधमा उभियो त्यसै गरी उभिनुपर्छ भन्ने आवाज उठिरहेको छ । यो आवाजलाई महासंघ केन्द्रीय समितिले आत्मसात गर्नुपर्छ । प्रेस भनेको ठूला घरानिया, दैनिक पत्रिका, रेडियो, टेलिभिजन चलाउनेहरु मात्र होइनन् साना लगानीका, सम्पादक, प्रकाशकले आफ्नो तलब, पेन्सन काटेर छपाई गर्ने साप्ताहिक पत्रिका पनि हुन् र विचार प्रवाह, दृष्टिकोण निर्माणमा यी पत्रिकाहरु नै अब्बल रहेका छन् भन्ने दावी पनि अस्वीकार गर्न सकिन्न ।

यसैले प्रेस स्वतन्त्रता कुनै संचारगृह वा पत्रकारको विशेषाधिकार होइन, त्यो नागरिकको अधिकार हो । स्वतन्त्र सञ्चारमाध्यम कमजोर भए लोकतन्त्र कमजोर हुन्छ, लोकतन्त्र कमजोर भए नागरिकको स्वतन्त्रता कमजोर हुन्छ । त्यसैले आज उठेको प्रश्न विज्ञापनको भागबन्डाको मात्र होइन, लोकतन्त्रको आत्माको रक्षा गर्ने कि त्यसलाई क्रमशः नियन्त्रणको घेरामा सीमित गर्ने भन्ने हो । नेपाल पत्रकार महासंघको आन्दोलनको सार पनि यही हो । राज्यका स्रोतमा समान पहुँच, अभिव्यक्ति स्वतन्त्रताको सम्मान, सूचनाको अधिकारको संरक्षण र स्वतन्त्र पत्रकारिताको अस्तित्वको रक्षा । यदि यी आवाजहरूलाई बेवास्ता गरियो भने इतिहासले फेरि एकपटक सम्झाउनेछ । प्रेसमाथिको नियन्त्रणको सुरुवात सधैँ सानो निर्णयबाट हुन्छ, तर त्यसको परिणाम लोकतन्त्रका लागि अत्यन्त महँगो साबित हुन सक्छ ।

(लेखक बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)

आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# मुलुकी देवानी संहिता र मुलुकी देवानी कार्यविधि संशोधन



काठमाडौं- कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले मुलुकी देवानी संहिता २०७४ र मुलुकी देवानी कार्यविधि संहिता २०७४ संशोधन गर्ने भएको छ ।

मुलुकी देवानी कार्यविधि संहिता २०७४ मा क्षेत्राधिकार नभएको भनी मुद्दा खारेज भएपछि क्षेत्राधिकार भएको अदालतमा पुनः फिराद लिई अर्को मुद्दा दायर गर्नंपर्ने व्यवस्था प्रचलित ऐनमा छ । यस्तो व्यवस्थालाई सरलीकृत गरी अदालत आफैंले अधिकार क्षेत्र भएको अदालतमा तारेख तोकी पठाउने व्यवस्था गर्ने गरी विधेयक बनेको हो ।



हाल कुनै मुद्दाको रोहमा कुनै लिखत किर्ते जालसाजी भन्ने दाबी परेमा अदालतले त्यस्तो विषय बुझ्ने कानुनी व्यवस्था छैन । तर प्रस्तावित विधेयकअनुसार कुनै मुद्दाको रोहमा कुनै लिखत किर्ते जालसाजी भन्ने दाबी परेमा अदालतले सोझै त्यस्तो विषयमा बुझ्री किर्ते जालसाज देखिए कसूर गर्ने व्यक्तिलाई सजाय गर्न सक्ने छ । लिखत सद्दे देखिए किर्ते वा जालसाजी दाबी गर्ने व्यक्ति उपर झुट्टा उजुरी दिनेलाई हुने सजाय गर्न सक्ने व्यवस्था गर्न प्रस्तावित छ ।

हाल जुन अदालतमा फिरादपत्र दर्ता भएको छ त्यस अदालतलाई त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकारक्षेत्र नरहेको देखिए त्यस्तो मुद्दा खारेज गर्ने व्यवस्था छ । त्यसपछि वादीले उक्त मुद्दा पुनः सम्बन्धित अदालतमा दर्ता गर्न जानु पर्ने वा नपर्ने सम्बन्धी द्विविधा रहेकोले यस्तो द्विविधालाई चिर्ने र सहज बनाउन सम्बन्धित अदालतले संहिताको दफा ५७ बमोजिम त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनाराको लागि सम्बन्धित अदालतमा पठाउनु पर्ने व्यवस्था प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ ।

फैसला कार्यान्वयनको अवस्थामा रहेको सम्बन्धित चल वा अचल सम्पत्ति मुद्दा चल्दा चल्दैको अवस्थामा कुनै किसिमबाट हस्तान्तरण गरिएको भए त्यस्तो कारोबार बदर गर्नको लागि मुद्दाको पक्षले अदालतमा निवेदन दिन सक्ने व्यवस्था पनि थप गरिएको छ ।

यस्तै, मुलुकी देवानी संहिता २०७४ मा संशोधन गरेर सम्बन्ध विच्छेदसम्बन्धी व्यवस्थालाई सरलीकृत गर्न खोजिएको मन्त्रालयले जनाएको छ ।

पति वा पत्नीले संयुक्त रूपमा निवेदन दिन सक्ने तथा यसरी निवेदन दिएमा अदालतले मेलमिलाप गराउन प्रयास गर्दा समेत मेलमिलाप गराउन नसकी एक वर्षपछि अदालतले सम्बन्ध विच्छेद गराइदिनु पर्ने व्यवस्था हटाई अदालतले एक वर्ष कुर्नं नपर्ने व्यवस्था प्रस्तावित छ । कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार प्रचलित व्यवस्थामा अपुताली पाउने हकवालाको प्राथमिकताक्रममा विवाह भई सगोलमा नबसेकी विवाहित छोरी छुटेकोले थप गर्ने व्यवस्था प्रस्तावित विधेयकमा छ ।

यी दुवै विधेयक सुझाव लिने गरी सार्वजनिक भएको छ । प्राप्त सुझावलाई एकीकृत गरेर आवश्यक संशोधन गरेर मन्त्रालयले अगाडि बढाउनेछ । अर्थ मन्त्रालयबाट स्वीकृति पाएपछि मन्त्रिपरिषद् पुग्छ ।

मन्त्रिपरिषद्ले संसद्मा दर्ता गराउन स्वीकृति दिएपछि संसद्मा दर्ता हुन्छ । संसद्ले पारित गरेपछि राष्ट्रपतिकहाँ पुग्छ र राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनमा रुपान्तरित भएर कार्यान्वयनमा आउनेछ ।

रामेछाप डायरी

## चालु आर्थीक वर्षमा जिल्ला अदालत रामेछापको प्रगति शतप्रतिशत



रामेछाप- जिल्ला अदालत रामेछापले चालु आर्थीक वर्षमा आफ्नो प्रगति शतप्रतिशत नजिक पुगेको छ ।

अदालतले विहिबार कार्यालय परिसरमा रामेछाप जिल्लाका सँचारकर्मिहरुसँग अन्तरक्रिया कार्यक्रम गरि चालु आ.व.मा मुद्दा फर्स्योटको अवस्था सहित अदालतबाट भए गरेको प्रगति विवरणका बारेमा जानकारी दिएको हो ।

बदलिदो समयसँगै अदालतले गर्नै दैनिक कियाकलापबाट उसप्रति नागरिकहरुको विश्वास, भरोसा र सम्मानमा बढवा गराउँन सकियोस भन्ने मुल उद्देश्यका साथ अदालत आफ्नो कामको गतिलाई तिब्र बनाएको छ। अदालतले लक्ष्य अनुसार मुद्दा फछ्र्योट गर्दै न्याय सम्पादनलाई थप प्रभावकारी बनाउन निरन्तर प्रयास गरिरहेको पनि जिल्ला न्यायधिस राजेन्द्र नेपालले बताए ।

अदालतले चालु आवमा कुल ३ सय ६ थान मुद्दा दर्ता हुन आएकोमा कुल २ सय ६३ थानमुद्दा फर्स्योट भएको जनाएको छ । जसमा देवानीतर्फ २ सय ५ थान र फौजदारी तर्फ ५८थान मुद्धा रहेका छन् । जसमा गतबर्षको जिम्मेवारी सरेर आएका १ सय ९ थान मुद्ध पनियसै भित्र फैसलाभएको जानकारी पनि सो अर्न्तरक्रिया कार्यक्रमका अवसरमा गराईएको थियो । चालु आर्थिक वर्षमा कुल ३ स २३ वटा मुद्दा फछ्र्योट गर्ने लक्ष्यलिएको जिल्लाअदालतले जेठ मसान्तसम्म २ सय ६३ वटा मुद्दा टुंग्याउँदै ८१.४१ प्रतिशत प्रगति हासिल गरेको र असार मसान्तभित्रमा वाँकी मुद्धा पनि फर्स्योट गरि आफनो लक्षलाई शतप्रतिशत सफल बिन्दुमा पुराउने पनि जिल्ला न्यायधिस राजेन्द्र नेपालले जानकारी गराउनु भएको थियो ।

चालु आवको जेठ मसान्तसम्म अदालतमा ३ सय ६ वटा नयाँ मुद्दा दर्ता भएका छन् । गतआर्थिकवर्षबाट जिम्मेवारी सरेर आएका १ सय ९ वटा मुद्दासहित अदालतमा कुल ४ सय २५ वटा मुद्दा विचाराधीन रहेको कार्यक्रमको प्रस्तोता अदालतकि निमित्त श्रेस्तेदार विमला पन्थीले जानकारी दिनुभयो ।

## एमालसँग तत्काल पार्टी ऐकताको कुनै सम्भावना छैन



काठमाडौं- नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेकपा (एमाले) सँग तत्काल पार्टी एकताको कुनै सम्भावना नरहेको स्पष्ट पारेका छन् ।

उनले बाहिर आएका हल्लाहरूको पछि नलाग्न कार्यकर्ता तथा बुद्धिजीवीहरूलाई शनिबार आयोजित एक कार्यक्रममा सम्बोधन गर्दै यस्तो भनेका हुन् ।

वस्तुगत परिस्थितिको गहिरो विश्लेषण गर्नंपर्नेमा उनले जोड दिदै 'मलाई त फोनको जवाफ दिँदा-दिँदै हैरान भएको छु । तर यस्तो कुरा दुनियाँले पनि पत्याउने खालको छैन । एमालेसँग अहिले एकता सम्भव छ र ? सम्भवै छैन । त्यसैले यस विषयमा तपाईंहरू कोही पनि भ्रममा नपर्नंहोस्,' उनले भने, 'अहिले हाम्रो पार्टी जुन विचार र मान्यता लिएर अगाडि बढिरहेको छ, त्यसले अवश्य पनि देशमा रहेका सबै देशभक्त शक्तिहरूलाई गोलबन्द गर्नंपर्छ, सबै क्रान्तिकारी शक्तिहरूलाई गोलबन्द गर्नंपर्छ ।'

उनले राष्ट्रिय हित, जनहित र गणतन्त्रको रक्षा गर्ने जिम्मेवारी आफ्नो पार्टीको काँधमा रहेको दाबी गर्दै 'सबै लोकतान्त्रिक शक्तिहरू र गणतन्त्रका पक्षधर शक्तिहरूलाई पनि साथमा लिएर जानुपर्छ । किनभने देशको रक्षा गर्ने जिम्मेवारी, राष्ट्रहितको रक्षा गर्ने जिम्मेवारी हाम्रो काँधमा छ । गणतन्त्रको रक्षा गर्ने जिम्मेवारी पनि हाम्रो काँधमा छ । जनताको हितको पक्षमा उभिने दायित्व पनि हाम्रै हो,' सहसंयोजक नेपालले भने ।

## आचारसंहिता विपरीत गतिविधि नगर्न काउन्सिलको गम्भीर ध्यानाकर्षण

काठमाडौं- प्रेस काउन्सिल नेपालले पत्रकार परिचयपत्र तथा सम्बन्धित निकायको अनुमति बिना अमर्यादित तथा गैरजिम्मेवार व्यवहार प्रदर्शन गर्ने गरेको भन्दै त्यस्ता गतिविधि नगर्न ध्यानकर्षण गराएको छ ।

पछिल्लो समय केही व्यक्तिहरूले विभिन्न कार्यालय, शैक्षिक संस्था र कार्यक्रममा प्रवेश गरी दुर्व्यवहारजन्य गतिविधिमा संलग्न हुने तथा विवाद र हातपातका घटनासमेत सामाजिक सञ्जालमा सार्वजनिक गर्ने प्रवृत्ति देखिएको उल्लेख गर्दै काउन्सिलले पत्रकार आचारसंहिताको दायरामा बस्न ध्यानाकर्षण गराएको हो ।

काउन्सिलले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा नियमित अनुगमनका क्रममा पेसागत आचरण र मर्यादाविपरीतका क्रियाकलाप तथा सामग्री सम्प्रेषणका घटना बढ्दो क्रममा रहेको उल्लेख गरेको छ ।

अनलाइन समाचार पोर्टल दर्ता गरे पनि समाचार सामग्री प्रकाशन नगरी युट्युब च्यानल, फेसबुक पेज तथा रिलमार्फत भ्युज र मोनिटाइजेसन केन्द्रित तथ्यहीन, झैझगडा तथा गालीगलौजपूर्ण सामग्री सम्प्रेषण गर्ने कार्य बढ्दै गएको काउन्सिलले जनाएको छ ।

यस्ता गतिविधिले समग्र पत्रकारिता क्षेत्रको गरिमा, विश्वसनीयता र स्थापित मर्यादामा गम्भीर नकारात्मक प्रभाव पारेको काउन्सिलको ठहर छ ।

## कृषि क्षेत्रको उन्नयनका लागि हरसम्भव प्रयास गरिरहेका छौं : शिक्षामन्त्री



नारायणगढ- शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले मुलुकको भविष्य कृषिको विकासबाट उज्ज्वल हुने बताउँदै सरकारले यस क्षेत्रको उन्नयनका निम्ति हरसम्भव प्रयत्न गरिरहेको बताएका छन् ।

शनिबार कृषि तथा वन विज्ञान विश्वविद्यालयको पाँचौं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै मन्त्री पोखरेलले यस्तो बताएका हुन् । उनले चितवनको परिचय कृषि तथा वन विज्ञान विश्वविद्यालय भएको पनि बताए । मन्त्री पोखरेलले दीक्षित विद्यार्थीलाई प्राप्त शैक्षिक उपाधि केवल प्रमाणपत्र मात्र नभई राष्ट्रप्रतिको जिम्मेवारी, समाजप्रतिको उत्तरदायित्व र भावी पुस्ताप्रतिको प्रतिबद्धताको प्रतीक मानेर तदनुरुप काम गर्न अनुरोध गरे ।

'विश्वविद्यालयबाट आर्जित ज्ञान, सीप, अनुसन्धान क्षमता र व्यावसायिक दक्षताले देशको कृषि, पशुपालन तथा प्राकृतिक स्रोत व्यवस्थापनमा नयाँ युगको सुरु गर्न सहयोग पुग्ने मेरो विश्वास छ,' उनले भने, 'मुलुकको आर्थिक रूपान्तरणका लागि कृषि क्षेत्र नै मुख्य आधार भएकाले कृषि रूपान्तरणको आधार विज्ञान, प्रविधि र दक्ष जनशक्ति हो ।'

शनिबार सम्पन्न दीक्षान्त समारोहकाबीच विश्वविद्यालयबाट दुई हजार १९३ विद्यार्थी दीक्षित भएका छन् । विश्वविद्यालयका रजिष्ट्रार प्रा. सुवीर सिंहका अनुसार त्यसमध्ये स्नातक तहमा एक हजार ८३६, स्नातकोत्तर तहमा ३२७ र ३० जनाले विद्यावारिधि उपाधि हासिल गरेका छन् । -रासस

## मधेशका मुख्यमन्त्री सचिवालयका १४ जना कर्मचारीहरुको तलबभत्ता उपलब्ध




काठमाडौं- मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको सचिवालयका १४ जना कर्मचारीहरुको चार महिना देखि रोकिएको तलबभत्ता उपलब्ध गराइएको मुख्यमन्त्री कार्यालयले जाएको छ ।

१९ मंसिरमा मुख्यमन्त्री बनेपछि यादवले आफ्नो सचिवालयमा स्वकीय सचिव, कम्प्युटर अपरेटर, सवारीचालक, कास लगायत गरी १० कर्मचारी नियुक्त गरेका थिए । जेनजी आन्दोलन पश्चात संघीय सरकारले जारी गरेको परिपत्रलाई आधार बनाएर कर्मचारीले उनीहरूको तलबभत्ता चार महिनादेखि रोकेको थियो ।

गत २६ जेठमा बसेको मधेश सरकारको मन्त्रिपरिषद् बैठकले मधेश प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार तलब उपलब्ध गराउने निर्णय गरेको थियो । उक्त ऐनमा मुख्यमन्त्रीको सचिवालयमा स्वकीय सचिवसहित १४ जनासम्म राख्न पाउने व्यवस्था रहेको छ । यसपटक मुख्यमन्त्रीले थप चारजना थपेर उनीहरूको पति तलबभत्ता निकासा गरेको हो । जेनजी आन्दोलन पश्चात नेपाल सरकारको ५ असोजमा बसेको मन्त्रिपरिषद् बैठकले तीनै तहको सरकारले गर्नंपर्ने खर्च कटौतीबारे निर्णय गरेको थियो । सो पत्र अनुसार नेपाल सरकारको अर्थ मन्त्रालयले ७ असोजमा तीनै तहको सरकारलाई गरेको परिपत्रको बुँदा नम्बर ५ को (ट) मा 'नेपाल सरकार, प्रदेश सरकारका मन्त्री र प्रदेश प्रमुखको सचिवालयमा बढीमा तीनजना मात्र नियुक्त गर्न सक्ने' उल्लेख गरेको थियो । त्यसलाई आधार बनाउँदै मुख्यमन्त्री कार्यालयका कर्मचारीले सचिवालयका तीनजनाको मात्र तलब बुखाउन सकिने, त्यस भन्दा बढीको खुवाउन मानेका थिएनन् । लेखाशाखाबाट फाइलसमेत फिर्ता पठाएको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४६,
२०८३ साल असार ९ गते मंगलबार
23 JUNE 2026, TUESDAY

# बिजनेस इन्क्युबेसन सर्भिस कार्यक्रम २०२६ सम्पन्न



काठमाडौं - आईसीटी फाउन्डेसन नेपालद्वारा आयोजित बिजनेस इन्क्युबेसन सर्भिस कार्यक्रम २०२६ समापन भएको छ ।

राष्ट्रिय योजना आयोगका माननीय सदस्य प्रा.डा. सुदन झाको प्रमुख आतिथ्यतामा काठमाडौंको बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेटमा असार ८ गते भव्य रूपमा सम्पन्न भएको हो ।

प्रमुख अतिथि झाले उद्यमीहरूलाई समाजमा प्रभाव पार्ने खालका नवीन विचार विकास गर्न, अनुसन्धानमा आधारित भएर अगाडि बढ्न तथा आफ्ना सिर्जनात्मक सोचलाई व्यवहारमा उतार्न आग्रह गर्दै यस्तै सूचना तथा सञ्चार प्रविधि क्षेत्रका विज्ञ हेमपाल श्रेष्ठले स्टार्टअपले आफ्नो ग्राहक पहिचान, स्पष्ट दृष्टिकोण र प्रभावकारी व्यवसायिक मोडल निर्माणमा ध्यान दिनुपर्ने बताए ।

स्टार्टअप उद्यमीहरूको क्षमता अभिवृद्धि, नवीन सोचको विकास, व्यवसायिक मोडल निर्माण, मेन्टरशिप, नेटवर्किङ तथा उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरिएको यस कार्यक्रमले नेपालको स्टार्टअप इकोसिस्टम विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको आईसीटी फाउन्डेसन नेपालले जनाएको छ ।

कार्यक्रममा कोशी र बागमती प्रदेशबाट सहभागी भएका स्टार्टअप टोलीहरूले आफ्ना नवीनतम सोच, प्रविधिमा आधारित समाधान तथा व्यवसायिक योजनाहरू प्रस्तुत गरेका थिए ।

कार्यक्रममा उत्कृष्ट पाँचमा पर्न सफल सहभागी सबै स्टार्टअप टोलीहरूलाई उनीहरूको सक्रिय सहभागिता र योगदानको कदर गर्दै सहभागिता प्रमाणपत्र प्रदान गरिएको थियो । त्यसैगरी कार्यक्रमलाई सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने मेन्टर, वक्ता तथा सहयोगी व्यक्तित्वहरूलाई सम्मान स्वरूप मायाको चिनो (त्यपभल या ायखभ) प्रदान गरी सम्मान गरिएको थियो ।

कार्यक्रममा सरकारी निकायका प्रतिनिधि, प्रविधि विज्ञ, शिक्षाविद्, उद्यमी तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा इन्जिनियर उमेश कुमार गुप्ता, मणिराम गौतम, आदेश खड्का, आनन्दराज खनाल, अनिल कुमार दत्त, विक्रम श्रेष्ठ, वीरेन्द्र कुमार मिश्र, बृजेन्द्र रोचन जोशी, चिरञ्जीवी अधिकारी, डा. भोजराज घिमिरे, डा. प्रदीप पौड्याल, गणेश शाह, गंगा सुब्बा, गौरव राज पाण्डे, गुणकेशरी प्रधान, मनोहर कुमार भट्टराई, नारायण तिमल्सिना, प्रा.डा. मनिष पोखरेल, प्रा.डा. सुवर्ण शाक्य, प्रा.डा. बालकृष्ण बल, रामप्रसाद रिमाल, रमेश शर्मा पौड्याल, शिशिर पछाई, सिमोली गौतम देसाई, स्नेहा भट्टराई, सुलभ तिमल्सिना, सुमन पोखरेल, विवेक राणा, बृजेश गुप्ता, सिर्जना झा, उत्सव चौहान, मनोज कुमार घले, सुजल तामाङ, आयुष कुशवाहा, वर्षा श्रेष्ठ, रिबिका श्रेष्ठ तथा ओजस्वी शर्मा लगायतका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । यस्तै पूर्वमन्त्री गणेश साह अतिथिको रुपमा उपस्थित भएका थिए ।

**कोशी प्रदेशका उत्कृष्ट पाँच स्टार्टअप**

कोशी प्रदेशबाट उत्कृष्ट पाँचमा पर्न सफल स्टार्टअपहरूमा लोकल बजार (अनिल शिवाकोटी), मेडिक्याब टेक्नोलोजिज (कृत नारायण भगत र सञ्जय सुवाल), माइन्ड ब्रिज (जीवन कुमार कुशवाहा र दिपेश आचार्य), सफारी यात्री (मौसम तामाङ र रजिप राई) तथा भोल्ट भी (ख्यति ख) रहेका थिए । कोशी प्रदेशको विजेतामा सफारी यात्री घोषित भयो । विजेता टोलीले प्रमाणपत्रसहित नगद पुरस्कार रु. १ लाख प्राप्त गरेको थियो ।

**बागमती प्रदेशका उत्कृष्ट पाच स्टार्टअप**

बागमती प्रदेशबाट उत्कृष्ट पाँचमा पर्न सफल स्टार्टअपहरूमा क्लाउड साथी (नवीन कुमार श्रेष्ठ र अनिल कुमार पन्त), म्याच२४ अर्बिटल्स (मोहन तामाङ, रुबिता मगर र सुनिल बिष्ट), रिटेल साथी (उमेश उपाध्याय, मनीष ढुंगेल, सुशीला अधिकारी र प्रकृति पोखरेल), सम्पर्क डिजिटल लोयल्टी (श्रीयांश श्रेष्ठ, राहुल राजभण्डारी, क्रिस्चल श्रेष्ठ र प्रशान्त नेपाली) तथा द भिजनरी नेपाल (मेदिनी अर्याल र खेसाङ योङहाङ) रहेका थिए । बागमती प्रदेशको विजेतामा सम्पर्क डिजिटल लोयल्टी घोषित भयो । विजेता टोलीले प्रमाणपत्रसहित नगद पुरस्कार रु. १ लाख प्राप्त गरेको थियो ।

# गरिमा विकास बैंक 'डेभलपमेन्ट बैंक अफ द इयर २०२६' बाट सम्मानित




काठमाडौं- गरिमा विकास बैंक लिमिटेड कर्पोरेट बिजनेस अवार्ड एण्ड समीट २०२६ मा विकास बैंक समूहतर्फ डेभलपमेन्ट बैंक अफ द इयर २०२६ बाट सम्मानित भएको छ । कर्पोरेट बिजनेस म्यागजिनद्वारा बिहीबार आयोजित कर्पोरेट बिजनेस अवार्ड एण्ड समीटको १८औं संस्करणमा यस विकास बैंक उक्त अवार्डबाट सम्मानित भएको हो ।

अवार्ड वितरण कार्यक्रमका विशेष अतिथि तथा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरी ढकालले बैंकका प्रमुख कार्यकारी अधिकृत माधव प्रसाद उपाध्याय र नायब प्रमुख कार्यकारी अधिकृत अनिल रेग्मीलाई उक्त अवार्ड हस्तान्तरण गरे । उक्त कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ तथा विभिन्न व्यवसायिक संघसंस्थाका प्रतिनिधीहरूका उल्लेख्य उपस्थिति रहेको थियो ।यस सुखद अवसरमा यस विकास बैंकलाई निरन्तर साथ, सहयोग एवं माया गर्ने सम्पूर्ण ग्राहक, सेयरधनी, नियमनकारी निकाय एवं शुभचिन्तकप्रति कृतज्ञता व्यक्त गरेको छ ।

आइएसओ ९००१:२०१५र आइएसओ २७००१:२०२२ मान्यता प्राप्त यस विकास बैंकले देशभर १२६ शाखा कार्यालय, ५१ एटिएम एवं नविनतम डिजिटल बैंकिङ मार्फत करिब ९ लाख ग्राहकहरूलाई सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# एभरेष्ट बैंक र नागरिक लगानी कोषबीच अवकाश कोष सञ्चालन सम्झौता



काठमाडौं । नागरिक लगानी कोष र एभरेष्ट बैंक लिमिटेडबीच बैंकका कर्मचारीहरुको अवकाश कोष व्यवस्थापन तथा संचालन गर्ने सम्बन्धमा द्विपक्षीय सम्झौता भएको छ । बुधबार भएको सम्झौतामा कोषको तर्फबाट निर्देशक नबराज खड्का र बैंकको तर्फबाट प्रमुख वित्तीय अधिकृत राजन कायस्थले हस्ताक्षर गरेका हुन् ।सम्झौतामा बैंकका स्थायी, अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको योगदानमा आधारित वा गैरयोगदानमा आधारित उपदान कोष तथा अतिरिक्त अवकाश कोषको व्यवस्थापन र कार्यान्वयन कोषले गर्ने उल्लेख छ ।

कोषले सहभागी कर्मचारीहरुको व्यक्तिगत खाता तयार गरेर परिचय पत्र उपलब्ध गराउने, बैंकबाट प्राप्त रकम र विवरण अनुसार खाता अद्यावधिक गर्ने तथा बैंकको सिफारिसमा सेवानिवृत्त कर्मचारीहरुलाई नियमानुसार कर कट्टा गरेर अवकाश रकम भुक्तानी गर्ने कार्य गर्नेछ ।साथै, कर्मचारीले कोषमा योगदान गरेको रकमबाट आर्जन गरेको ब्याज, प्रतिफल तथा अन्य अतिरिक्त सुविधाहरु कोषको नियम अनुसार पाउने जनाइएको छ ।

# एफएनसीसीआईका समितिले पाए नेतृत्व

काठमाडौं।नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)ले सल्लाहकारसहित परिषद् र विभिन्न समितिका सभापति मनोनीत गरेको छ । महासंघको कार्यकारिणी समितिको सोमबार बसेको बैठकले पूर्वअध्यक्ष महेशलाल प्रधानलाई सल्लाहकार समितिको सभापति र पूर्वअध्यक्ष कुशकुमार जोशीलाई विज्ञता परिषद्को सभापतिमा मनोनीत गरेको छ । उनीहरुलाई अध्यक्ष अन्जन श्रेष्ठको प्रस्तावमा मनोनीत गरिएको हो ।

त्यस्तै उद्योग वाणिज्य परिषद् सभापतिमा महासंघका जिल्लानगर क्षेत्रका उपाध्यक्ष कृष्णप्रसाद शर्मा र सहसभापतिमा जिल्लानगरतर्फकै अर्का उपाध्यक्ष दिलसुन्दर श्रेष्ठ मनोनीत भएका छन् ।

वस्तुगत परिषद् सभापतिमा वस्तुगत संघ समूहका उपाध्यक्ष नरेशलाल श्रेष्ठ र रोजगारदाता परिषद् सभापतिमा एसोसिएट सदस्य समूहका उपाध्यक्ष प्रबलजंग पाण्डे मनोनीत भएका छन् ।

त्यसैगरी कृषि उद्यम केन्द्रको सभापतिमा शिवप्रसाद घिमिरे, कर तथा राजस्व समिति सभापतिमा अरनिको राजभण्डारी, उद्योग समिति सभापतिमा उज्ज्वल श्रेष्ठ, व्यापार समिति सभापतिमा नवीन रिजाल र महिला उद्यमी विकास समिति सभापतिमा सुनिता नेमाफुकी मनोनीत भएको एफएनसीसीआईले जनाएको छ ।

सूचना तथा सञ्चार प्रविधि विकास समितिको सभापतिमा सुनैना घिमिरे, स्थल यातायात तथा पारवाहन समिति सभापतिमा लिलेन्द्रप्रसाद प्रधान, पर्यटन तथा हवाई यातायात समिति सभापतिमा संघर्ष विष्ट, बैंक, वित्तीय तथा बीमा समिति सभापतिमा हेमन्त गोल्छा, निर्यात समिति सभापतिमा होमप्रसाद घिमिरे र व्यापार मेला समितिको सभापतिमा सविन श्रेष्ठलाई मनोनीत गरिएको छ ।

यसैगरी शहरी विकास समितिको सभापतिमा विदुर धमला, स्वास्थ्य विज्ञान समिति सभापतिमा विप्लव अधिकारी, सीप विकास तथा रोजगार समितिको सभापतिमा नानीराज घिमिरे, स्टार्टअप एन्ड इनोभेसन समिति सभापतिमा सहारा जोशी, पुँजी बजार समिति सभापतिमा प्रियराज रेग्मी, सामाजिक सेवा समितिको सभापतिमा राजकुमार कार्की र उत्पादकत्व तथा गुणस्तर समितिको सभापतिमा रविन पुरी मनोनीत भएका छन् ।

# सिटिजन्स बैंकको ८ औं विशेष साधारण सभा सम्पन्न



काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ८ औं विशेष साधारण सभा सम्पन्न भएको छ । बैंक संचालक समितिका अध्यक्ष प्रवलजंग पाण्डेको अध्यक्षतामा बुधबार सभा बसेको हो । ८ औं विशेष साधारण सभाबाट बैंकको नियमावली अनुसार समुह क संस्थापक सेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्दै सेयरधनी अनिल कुमार ज्ञवाली गरि १ जना र समुह ख सर्वसाधारण सेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्दै सेयरधनीहरु प्रकाशचन्द्र मैनाली, डा.राजेन्द्र पण्डित, हिमादेवी खड्का के.सी. गरि ४ जना संचालकहरु निर्वाचित भएका छन् ।

यसैगरी, प्राथमिक पुँजीकोष अनुपात बढाउन, बैंकको व्यवसाय विस्तार गर्न र जोखिम बहन गर्न सक्ने क्षमता अभिबृद्धि गर्न २ अर्ब रुपैयाँ बराबरको अविमोच्य असञ्चिति अग्राधिकार सेयर जारी समेत गर्ने निर्णय विशेष साधारण सभाले पारित गरेको छ । ८ औं विशेष साधारण सभाबाट निर्वाचित संचालक समितिका सदस्यहरु आआफ्नो क्षेत्रमा सफल एवं विज्ञ व्यक्तिहरु रहेको बैंकले जनाएको छ ।

# एनसेलका ग्राहकले बस र हवाई टिकटदेखि साहसिक गतिविधिमा छुट पाउने

काठमाडौं । एनसेल ग्राहकहरूले अब एनसेल एपमार्फत बस, हवाई टिकट बुकिङ वा साहसिक गतिविधिहरूमा आकर्षक छुटका साथै विविध लाभहरू प्राप्त गर्न सक्ने भएका छन् । यसका लागि एनसेलले ट्राभल प्लेटफर्म ट्रिप टर्बोसँग एक साझेदारीपत्रमा हस्ताक्षर गरेको गरेको छ ।

यो साझेदारी अन्तर्गत ९९ रुपैयाँ वा सोभन्दा बढी मूल्यको प्याक खरिद गर्ने हरेक एनसेल ग्राहकले अब बस टिकट बुकिङ, आन्तरिक हवाई यात्रा र साहसिक गतिविधिलगायतका कार्यमा आकर्षक छुट प्राप्त गरी बचत गर्न सक्ने कम्पनीले जनाएको छ । यसका साथै अब ग्राहकहरुले एनसेल एपबाटै डिजिटल रुपमा यात्रा तथा साहसिक गतिविधिसम्बन्धी विविध सुविधाहरू सहजै प्राप्त गर्न सक्ने भएका छन् ।

यो छुटको सुविधा एनसेल ग्राहकहरूले ट्रिप टर्बोमार्फत यात्राका लागि टिकट लिँदा वा विविध गतिविधिहरूमा आवद्ध हुँदा प्राप्त गर्ने जनाइएको छ । ग्राहकहरुले विभिन्न मनोरञ्जनात्मक तथा साहसिक गतिविधीमा ८ हजार रुपैयाँ सम्मको छुट प्राप्त गर्न सक्ने कम्पनीले उल्लेख गरेको छ ।

यसका साथै, ग्राहकहरूले पहिलो पटक आन्तरिक हवाई यात्रामा २०० रुपैयाँ र त्यसपछिका प्रत्येक आन्तरिक उडानमा १४० रुपैयाँ अनि बस टिकट बुकिङमा १११ रुपैयाँ छुट प्राप्त गर्न सक्छन् ।

यी विशेष छुटहरुको लाभ एनसेल एपको पार्टनर्ड सर्भिसेज भित्र रहेको ट्रिप टर्बो सेक्सनमा गएर प्राप्त गर्न सकिने जनाइएको छ । यो सेक्सनले ग्राहकहरूलाई यात्रा, मनोरञ्जनात्मक तथा साहसिक गतिविधिहरूमा सहभागिताका लागि तयारी गर्दा सजिलै छुटहरू खोज्न र प्रयोग गर्न मद्दत मिल्ने जनाइएको छ । साझेदारीबारे प्रतिक्रिया दिँदै एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भने, 'हामी कनेक्टिभिटी मात्र नभएर यात्रा र लाइफस्टाइलसँग जोडिएका विविध फाइदाहरुलाई नजिक ल्याउँदै ग्राहकहरूलाई त्यसको लाभ दिन प्रतिबद्ध छौं । ट्रिप टर्बोसँगको हाम्रो साझेदारीले यो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ । एनसेल एप मार्फत ग्राहकहरूले अब यात्रा र विविध गतिविधिहरूमा बचत गर्न सक्छन्, जसले उनीहरूको यात्रालाई अझ सुविधाजनक, फलदायी र किफायती बनाउँछ ।'

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

## इजिप्टको पहिलो ऐतिहासिक जित



काठमाडौं- इजिप्टले विश्वकप इतिहासमै आइतबार आफ्नो ऐतिहासिक जित आत्मसात् गरेको छ । दोस्रो हाफको तीन गोलको मद्दतले इजिप्टले भ्यान्कुभरको बीसी प्यालेसमा जारी विश्वकप २०२६ को समूह 'जी' को खेलमा उत्कृष्ट पुनरागमन गर्दै न्युजिल्यान्डलाई ३-१ ले हराएको हो ।

इजिप्टले विश्वकपको एकै खेलमा तीन गोल गरेको पनि यो पहिलो पटक हो । यो जितपछि इजिप्ट समूहको शीर्ष स्थानमा उक्लेको छ र उसको दुई खेलबाट चार अंक भएको छ । न्युजिल्यान्ड भने एक अंकमा सीमित रहेर चौथो स्थानमा झरेको । यसबीच इरान र बेल्जियम दुई दुई अंकमा रहेका छन् ।

न्युजिल्यान्डले खेलको १५ औं मिनेटमा अग्रता लिएको छ । फिन समनले कर्नरमा प्राप्त बललाई हेड गर्दै गोल गरेका हुन् । टिम पायनको कर्नरलाई उनले गोलमा परिणत गरेका हुन् । मोस्टफा जिकोले खेलको ५८ औं मिनेटमा नजिकको दूरीबाट शक्तिशाली हेडिङमा गोल गर्दै खेल बराबरीमा ल्याए ।

# नेपालको सार्वभौम अस्तित्व जोगाउन जंगबहादुरबाट सिक्नुपर्छ : पूर्वराष्ट्रपति भण्डारी



काठमाडौं- पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको सार्वभौम अस्तित्व जोगाउन जंगबहादुर राणाबाट सिक्नुपर्ने बताएकी छन् ।

१९औँ शताब्दीको औपनिवेशिक विस्तारको चुनौतीपूर्ण समयमा नेपालको स्वतन्त्र अस्तित्व र सार्वभौमसत्ताको रक्षा गर्न जंगबहादुर राणाले महत्वपूर्ण भूमिका निर्वाह गरेको आइतबार आयोजित 'नेपाली राष्ट्रियता र श्री ३ महाराज जंगबहादुर राणा' प्रवचन कार्यक्रममा उनले बताएकी हुन् ।

जंगबहादुरले बेलायत भ्रमण गरी अन्तर्राष्ट्रिय शक्ति सन्तुलनलाई नजिकबाट बुझ्ने अवसर प्राप्त गर्नुभयो । त्यसपछि अवलम्बन गरिएको कूटनीतिक व्यवहारले नेपाल र ब्रिटिस साम्राज्यबीचको सम्बन्धलाई केही हदसम्म व्यवस्थित बनायो । यसै सन्दर्भमा नेपाल र ब्रिटिस भारत सीमाको व्यवस्थाका क्रममा निर्माण गरिएका जंगे पिलर पनि उल्लेखनीय मानिन्छ, जसले सीमा स्पष्टता र प्रशासनिक तथा कूटनीतिक स्थिरतामा ठूलो योगदान पुऱ्याएको छ उनले भनिन ।

पूर्वराष्ट्रपति भण्डारीले सन् १८५७ को भारतीय विद्रोह दमनमा सैन्य सहयोग गरेबापत नेपालले बाँके, बर्दिया, कैलाली र कञ्चनपुरसहितको 'नयाँ मुलुक' फिर्ता प्राप्त गर्नु उनको शासनकालसँग जोडिएको महत्वपूर्ण राष्ट्रिय उपलब्धि भएको बताइन् ।

उनले भनिन्, 'जंगबहादुरको महत्वपूर्ण पक्ष नेपालको स्वतन्त्र अस्तित्वको रक्षासँग सम्बन्धित छ । १९औं शताब्दी विश्वव्यापी रूपमा औपनिवेशिक विस्तारको युग थियो । त्यस समयमा दक्षिण एसियाको ठूलो भूभाग ब्रिटिस साम्राज्यको अधिनमा गइसकेको थियो । यस्तो परिस्थितिमा पनि नेपाल आफ्नो सार्वभौम अस्तित्व कायम राख्न सफल भयो । यस उपलब्धिको श्रेय हामीले तत्कालीन नेतृत्वका रूपमा जंगबहादुर राणालाई दिनुपर्दछ ।'

आजको नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको मार्गमा अघि बढिरहेको भन्दै उनले आज राष्ट्रियताको अवधारणा भौगोलिक अखण्डता र सार्वभौमसत्ताको संरक्षणसँगै लोकतान्त्रिक मूल्य, सामाजिक न्याय, समावेशिता, राष्ट्रिय एकता, आर्थिक आत्मनिर्भरता र नागरिक अधिकारको प्रवर्द्धनसँग पनि जोडिएको बताइन् ।

उनले भनिन्, 'इतिहासका विभिन्न कालखण्डका अनुभवहरूबाट सिक्दै हामीले अझ सबल, समुन्नत र आत्मविश्वासी नेपाल निर्माण गर्नुपर्दछ । जंगबहादुरको जीवन र कार्यको अध्ययनले हामीलाई एउटा महत्वपूर्ण पाठ सिकाउँछ । राष्ट्रको हित र स्वतन्त्रताको रक्षा आवश्यक छ, तर त्यससँगसँगै लोकतान्त्रिक मूल्य, नागरिक स्वतन्त्रता र सामाजिक न्यायको विस्तार पनि उत्तिकै आवश्यक छ । राष्ट्रियताको संरक्षण र लोकतन्त्रको सुदृढीकरणबीच सन्तुलन कायम गर्नु नै आधुनिक नेपालको दिगो विकास र सफलताको आधार हो ।'

उनले जंगबहादुरले नेपालमा मुलुकी ऐन बनाउन सुरुवात गरेको पनि बताइन् । राज्य सञ्चालनलाई निश्चित नियम, प्रक्रिया र संस्थागत आधारमा अघि बढाउने प्रयत्नस्वरूप विक्रम संवत् १९१० मा जारी गरिएको मुलुकी ऐनलाई नेपालको पहिलो कानूनी संहिताका रूपमा लिन सकिने उनको भनाइ छ । यद्यपि उक्त ऐनमा तत्कालीन समाजको जातीय संरचना र सामाजिक असमानताका केही पक्षहरू प्रतिबिम्बित भएको र आजको मूल्य-मान्यताका दृष्टिले ती स्वीकार्य नरहेको बताइन् । त्यसलाई सोही समयको सामाजिक संरचना, राज्य व्यवस्था र चेतनास्तरलाई समेत सँगसँगै बुझ्न आवश्यक रहेको उनको भनाइ थियो ।

भण्डारीले जंगबहादुरका सामाजिक सुधारसम्बन्धी प्रयासहरू पनि उल्लेखनीय रहेको बताइन् । तत्कालीन समाजमा गहिरोसँग जरा गाडेर बसेको सती प्रथालाई निरुत्साहित गर्ने पहल जंगबहादुरले नै गरेको उनको भनाइ छ । उनले इतिहासका विभिन्न कालखण्डका अनुभवबाट शिक्षा लिँदै अझ सबल, समुन्नत र आत्मविश्वासी नेपाल निर्माण गर्नुपर्नेमा जोड दिइन् ।

## दृष्टिविहीन नागरिकहरू उत्रिय विरोध प्रदर्शनमा




काठमाडौं- दृष्टिविहीन नागरिकहरूले माइतीघरमा सोमबार विरोध प्रदर्शन गरेका छन् ।

काठमाडौं महानगरपालिकाले सडकपेटी, मठमन्दिर र चोकहरूमा आफ्नो जीवनयापनका लागि काम गर्न नदिएको भन्दै सोमबार माइतिघरमा प्रदर्शन गरेका हुन् ।

प्रदर्शनका क्रममा सडकपेटी आश्रित दृष्टिविहीन नागरिक सुदीप ओलीले सरकारले दृष्टिविहीनहरूको गाँस, बास र कपासको ग्यारेन्टी नगरेको र नगरप्रहरीहरूले आएर दमन गर्ने, दिनभर होल्डिङ सेन्टरमा थुन्ने र महिलाहरूमाथि अभद्र व्यवहार गर्ने, राज्यले दृष्टिविहीनहरूलाई सडकपेटीमा मर्यादित रूपमा गरी खान दिनुपर्ने, योग्यता अनुसारको रोजगारीको व्यवस्था गर्नुपर्ने बताए ।

राज्यले आफुहरुलाई रोजगार दिन नसकेको खण्डमा बेरोजगार भत्ता बापत प्रतिमहिना २० हजार रुपैयाँ उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ ।

## महोत्तरीको चुरे बस्तीमा बाघ आतंक



महोत्तरी । महोत्तरीको चुरे क्षेत्रका बस्तीमा बाघको आतङ्क बढेको छ । जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको बर्दिबास नगर क्षेत्रका काछ बस्तीमा पछिल्लो साता बाघको आतङ्क बढेको हो ।

गत आइतबार बर्दिबास-५ टुटेश्वर सिरानको वरडाँडा बस्तीमा राति गोठ पसेर घरपालुवा पशु मारेको बाघ अहिले नगरको पूर्वी काछ बस्तीमा आइपुगेको छ ।

'लगातार चार दिनदेखि बर्दिबास-३ को रातु नदीको पश्चिमतिरको पाटु डाँडामा राति बोका, बाख्रा र सुँगुर मारेको थियो, कुन जन्तु हो एकिन भएको थिएन', बर्दिबास-३ का वडाध्यक्ष विराट विष्टले भने,'शुक्रबार राति भने पहरा दिएर बसेका गाउँलेले सानो बच्चा (डमरु) सहित पाटेबाघ देखेका हुन् ।' राँको बालेर टिन ठटाएपछि बाघ घना जङ्गलभित्र पसेको पाटुकै बासिन्दा कारेभोगटे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रमेश पौडेल खत्रीले बताए । 'हाम्रो बस्तीमा बुधबार रातिदेखि लगातार सुँगुर, बोका र बाख्रा खोरबाटै थुतेर मारेको थियो, कहिले मार्यो चिनिएको थिएन', खत्रीले भने, 'हिजो शुक्रबार साँझैदेखि पहरा दिएर बस्यौं, बच्चासहितको पाटे बाघ देखियो ।'

शुक्रबार राति बाघ जङ्गल पसेपनि स्थानीय आतङ्कित भएका छन् । बाघले बुधबार राति पाटु डाँडाका कृष्णबहादुर मगरको सुँगुरको चार/पाँच धार्नीको पाठो र बिहीबार राति रुपमायाँ खड्काको आठ/नौ धार्नीको बोका र गर्भिणी बाख्रा खोरबाटै थुतेर लगेर मारेको थियो ।

यसअघि करिब १५ किलोमिटर पश्चिमको बर्दिबास-५ वरडाँडामा बाघले साताको प्रारम्भमा सो बस्तीका प्रेमबहादुर थिङको लैनो गाई र वृजबहादुर थिङ्को बाछो मारेको थियो ।

बाघको आतङ्क बढेपछि बस्ती वरपर खेतबारी हिँडडुलमा पनि डर भएको पाटुकै बासिन्दा ओमबहादुर खड्का बताउँछन् । अहिले चुरे काछका बासिन्दाहरू बाघ बस्ती पस्न नदिन वनसम्बन्ध अधिकारीसँग गुहार लगाइ रहेका छन् ।

यसैबीच, चुरे क्षेत्रका सामुदायिक वन उपभोक्ता समिति र वनसम्बद्ध यस क्षेत्रका कार्यालयले साँझपख हिँडडुल नगर्न, बस्ती वरपर चनाखो भएर रहन र घरपालुवा पशुबस्तु खोर वा गोठमा बन्दिलो गरी सुरक्षित राख्न अपिल गरेका छन् । -रासस

## धनकुटा नगरपालिकाले ल्यायो ७६ करोड ८६ लाख २३ हजारको बजेट




काठमाडौं- धनकुटा नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि ७६ करोड ८६ लाख २३ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ ।

नगरपालिकाले चालुतर्फ ५७ करोड ३२ लाख ३६ हजार ३१५ रुपैयाँ र पुँजीगततर्फ १९ करोड ५३ लाख लाख ८६ हजार ६८५ रुपैयाँ विनियोजन गरेको जनाएको छ ।

धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङ प्रस्तुत गरेको नीति तथा कार्यक्रममा आधारित भएर उपप्रमुख भीमादेवि खनालले १८औं नगर सभामा बजेट सार्वजनिक गरेकी हुन् ।

उपप्रमुख खनालले प्रस्तुत गरेको बजेटअनुसार नगरपालिकाको मुख्य आयस्रोत संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँट रहेको छ ।

संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान १२ करोड ९९ लाख रुपैयाँ, सशर्त अनुदान ३४ करोड ९२ लाख रुपैयाँ, विशेष अनुदान १ करोड रुपैयाँ तथा समपूरक अनुदान १ करोड ३० लाख रुपैयाँ रहेको छ ।

त्यसैगरी प्रदेश सरकारबाट समानीकरण अनुदान १ करोड २१ लाख १२ हजार रुपैयाँ, सशर्त अनुदान १ करोड ८६ लाख ६ हजार रुपैयाँ र समपूरक अनुदान ८० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।

बजेटमा संघीय राजस्व बाँडफाँडबाट १० करोड ११ लाख ७७ हजार रुपैयाँ, प्रदेश राजस्व बाँडफाँडबाट १ करोड ५ लाख ८६ हजार ११५ रुपैयाँ तथा स्थानीय राजस्व बाँडफाँडबाट ६५ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । नगरपालिकाले आन्तरिक स्रोतबाट पनि उल्लेख्य आम्दानी गर्ने लक्ष्य राखेको छ ।

आन्तरिक स्रोततर्फ चालु र पुँजीगत गरी १० करोड ८६ लाख ४१ हजार ८८५ रुपैयाँ आम्दानी हुने प्रक्षेपण गरिएको छ ।

नगरपालिकाले प्रस्तुत गरेको बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सडक पूर्वाधार, पर्यटन प्रवर्द्धन, रोजगार सिर्जना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिइएको नगर उपप्रमुख अनालले जानकारी दिइन् ।

चालु खर्चको हिस्सा बढी भए पनि विकास निर्माण तथा पूर्वाधार विस्तारका लागि करिब १९ करोड ५३ लाख ८६ हजार ६८५ रुपैयाँ पुँजीगत बजेट छुट्याइएको उनको भनाइ छ ।

नगर प्रमुख चिन्तन तामाङले नगरवासीको जीवनस्तर सुधार, उत्पादन वृद्धि, पूर्वाधार विकास तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यका साथ बजेट ल्याइएको बताए ।

## 'संसदभित्र प्रतिपक्षीको आवाज भनेको तपाईंहरूको आवाज हो'

काठमाडौं- नेपाली कांग्रेस संसदीय दल नेता भीष्मराज आङ्देम्बेले सरकारलाई जनअपेक्षा अनुसार काम गर्न प्रतिपक्षी दलहरूले निरन्तर खबरदारी गर्दै आएको बताएका छन् ।

सोमबार इलाम नगरपालिकामा आयोजित नगर सभामा बोल्दै उनले प्रतिपक्षीले सरकारका कामको विरोध गरेको मात्र नभई सरकारलाई उत्तरदायी र जनताप्रति गरेका प्रतिबद्धता पूरा गर्न सचेत गराइएको बताए ।

संसदभित्र प्रतिपक्षीले उठाएका आवाज जनताकै भएको उनको भनाइ छ । देशमा जसरी किसानहरू प्रताडित भइरहेका छन्, यसले हाम्रो अर्थतन्त्रलाई गम्भीर मोडमा पुऱ्याइरहेको छ । त्यसप्रति अहिले पनि राष्ट्र संवेदनशील भइरहेको छैन भन्ने अनुभूति हामीले गरिरहेका छौं उनले भने, सरकार ठूलो जनमतबाट निर्वाचित भएर गठन भए पनि त्यसलाई जनताप्रति उत्तरदायी बनाउने जिम्मेवारी प्रतिपक्षको भएको छ ।

संसदभित्र प्रतिपक्षीको आवाज भनेको तपाईंहरूको आवाज हो । सरकारलाई जनताप्रति गरिएको प्रतिबद्धतामा अझ खरो रूपमा उत्रिन सचेत गर्ने काम प्रतिपक्षीको हो र त्यो काम हामीले निरन्तर गरिरहेका छौं आङ्देम्बेले बताए । कांग्रेस अहिले सरकारको विरोधका लागि मात्र विरोध गर्ने पक्षमा नरहेको उनले बताए । संसदमा आफूले व्यक्त गरेका धारणा र सभापति गगन थापाले चितवनमा राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशनमा व्यक्त गरेको सन्देश एउटै रहेको उनले बताए । आङ्देम्बेले सत्ता र प्रतिपक्ष दुवैले जनताको अपेक्षाअनुसार परिणाम दिने गरी काम गर्नुपर्ने बताएका थिए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# नेपाल भू-राजनीतिक केन्द्रमा रहेको छ : वर्षमान पुन

काठमाडौं- नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेता वर्षमान पुन अनन्तले पार्टी सम्बद्ध वुद्धिजिवी संगठनको राष्ट्रिय एकता भेलालाई शनिबार सम्बोधन गर्दै नेपाल भू-राजनीतिक केन्द्रमा रहेको बताएका छन् ।

पुनले नयाँ र पुराना विश्वशक्तिबीचको तानातानीको बीचमा नेपाल परेको दाबी गरे । विश्व राजनीतिक सन्तुलनमा आउँदै गरेको फेरबदलको प्रभाव नेपालमा परेको उनको भनाइ थियो ।

यस्तो तानातानीबाट नेपाल कसरी अलग रहने भन्नेबारे राष्ट्रिय दृष्टिकोण जरुरी रहेको पुनले औंल्याए । पुनले विश्व राजनीतिको केन्द्र एसियातिर सर्ने क्रममा रहेको र विश्व शक्ति चीन र भारततिर आउँदै गरेको दाबी गरे ।




'विश्व शक्ति एसियाली भूमितिर सर्दैछ, यो यथार्थ हो । चीन-भारतको वरिपरि विश्वशक्ति आउँदै छ । यसले गर्दा स्वभाविक रुपले पुरानो शक्ति र नयाँ शक्तिको बीचमा तानातान छ', पुनले भने, 'त्यसको केन्द्रमध्ये एउटा केन्द्र नेपाल छ । त्यसमा हामी चाहेर पनि बाहिर बस्न सक्दैनौं । भूराजनीति हाम्रो हातमा मात्र छैन ।'

सम्भाव्य भू-राजनीतिक परिवर्तनले सृजना गरेको तानातानी वा हस्तक्षेपमा नेपालको आन्तरिक गल्ती वा दोष मात्र जिम्मेवार नरहेको उनले स्पष्ट गरे । यद्यपि भू-राजनीतिक 'इन्ट्रेस्ट' हरुमा कसरी डिल गर्ने भन्नेबारे नेपालले सचेतता अपनाउनुपर्ने पुनले बताए ।

गत निर्वाचनमा कम्युनिष्ट पार्टीहरुले जनमत गुमाउनुमा ०७४ सालमा गठन भएको नेकपाको एकता जोगाउन नसक्नु प्रमुख कारण रहेको चर्चा उनले गरे । कम्युनिष्ट पार्टीहरुप्रतिको जनविश्वास कसरी कमजोर भयो भन्नेबारे आत्मसमीक्षा नगरी अगाडिको बाटो तय गर्न नसकिने पुनले उल्लेख गरे ।


लामो समयपछि श्रीलंकामा कम्युनिष्ट पृष्ठभूमिको दल सरकारमा फर्किएको, अमेरिकाको न्यूयोर्कजस्तो पुँजीवादको केन्द्रमा समाजवादी विचारधाराका युवाले मेयर जितेको तथा अमेरिका र युरोपका देशहरुमा कम्युनिष्ट झण्डा बोकेर मानिसहरुले प्रदर्शन गर्न थाल्नुले समाजवादी आन्दोलनको भविष्य नसकिएको संकेत गर्ने तर्क गरे ।

'श्रीलंकामा कम्युनिष्टले सत्ता चलाइरहेको छ । विश्वभर समाजवादको भविष्य छैन भनिरहेका बेला पुँजीवादको केन्द्र न्यूयोर्कमा मजदुरले कमसेकम बस्ने बास पाउनुपर्छ भन्ने नारा दिएर समाजवादी उम्मेदवारले मेयर जिते, समाजवादले न्यूयोर्कमा जितिसक्यो, हामी नेपालमा समाजवादको कुरा गर्दा डराउनुपर्ने जस्तो देखिएको छ, यो होइन । आज अमेरिका र युरोपका देशहरुमा मानिसहरु कम्युनिष्ट झण्डा बोकेर हिंड्न थालेका छन् ।'

गणतन्त्र, समावेशीता, धर्मनिरपेक्षता ल्याउन तथा सामाजिक न्याय स्थापित गर्न निर्णायक भूमिका खेलेको कम्युनिष्ट पार्टीले ती उपलब्धीका महत्वबारे स्थापित गर्न नसक्दा रक्षात्मक बन्नुपरेको तर्क उनले गरे । 'हरेक निर्वाचनमा जसले शक्तिका विरुद्धमा र बेथितिका विरुद्धमा लडेको छ, त्यसैले जनमत पाउँदै आएको छ', पुनले भने, 'रास्वपाले नवयुवाको आन्दोलनको स्वामित्व लियो भन्ने जनतालाई लाग्यो । सुशासनका लागि लड् यो भनेर जनताले भोट दियो । जो लड्छ, त्यही विकल्प हुन्छ । जनताले उसैलाई बहुमत दिन्छ ।'

## अन्तराष्ट्रिय

# कतारको रास लफान ग्यास प्लान्ट विष्फोट



काठमाडौं- कतार इनर्जीले रास लफान औद्योगिक क्षेत्रस्थित बार्जान ग्यास आपूर्ति केन्द्रमा भएको विष्फोटमा १३ जना मृत्यु र ६६ जना श्रमिक घाइते भएको छ ।

कतार इनर्जीले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा विष्फोटमा पर्नेहरू भारतीय र पाकिस्तानी श्रमिक रहेको जनाइएको छ । घाइते श्रमीकहरुको अवस्था चिन्ताजनक रहेको जनाएको दिएको हो ।

ऊर्जा मामिलाका राज्यमन्त्री समेत रहेका कतार इनर्जीका अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृतसाद शेरिदा अल-काबीको नेतृत्वमा भएको पत्रकार सम्मेलनमा रास लफान औद्योगिक सहरस्थित बारजान ग्यास आपूर्ति परियोजना सञ्चालन गर्ने क्रममा दुर्घटना भएको जनाइएको छ । उक्त प्लान्टको मर्मतसम्भारको लागि भन्दै गत डिसेम्बरदेखि बन्द गरिएको र २ दिनअघि मात्रै पुनः सञ्चालनमा ल्याइएको थियो ।

केन्द्रमा आइतबार राति करिब १०:३० बजेतिर विष्फोट हुँदा आगोलागी भएको थियो । रास लफान क्षेत्रमा नेपाली, भारतीय र बंगलादेशी श्रमिक काम गर्दै आइरहेका छन् । घाइतेहरूको स्थानीय अस्पतालहरूमा उपचार भइरहेको छ ।

कतार आन्तरिक मन्त्रालयका अनुसार आन्तरिक सुरक्षा बल(लेखिया) र अन्तर्राष्ट्रिय खोजी तथा उद्धार समूहले बेपत्ता भएकाहरूको खोजी गरिरहेको जनाएको छ । कतारको ऊर्जा क्षेत्रको प्रमुख कम्पनी कतार एनर्जीले प्राविधिक त्रुटिका कारण दुर्घटना भएको पुष्टि गरेको छ । आपतकालीन टोलीले तुरुन्तै आगो नियन्त्रणमा लिएको र अहिले अवस्था पूर्णतया नियन्त्रणमा रहेको कम्पनीले जनाएको छ ।

# उत्कृष्ट बन्यो गलकोट नगर अस्पताल

काठमाडौं- बागलुङको गलकोट नगर अस्पताल न्यूनतम सेवा मापदण्ड सूचकमा गण्डकी प्रदेशमै उत्कृष्ट घोषणा भएको छ

न्यूनतम सेवा मापदण्ड सूचक (एमएसएस) मूल्याङ्कनमा पालिकास्तरका अस्पतालमा सबैभन्दा बढी अङ्क प्राप्त गरेको हो ।

गण्डकी प्रदेशभरिका स्थानीय तहबाट सञ्चालित आधारभूत अस्पतालहरूमध्ये गण्डकी प्रदेशमै ७१ प्रतिशत अङ्क प्राप्त गरी प्रथम स्थान हासिल गरेको अस्पतालका प्रमुख डा राजेश पौडेलले बताए ।

सुशासन तथा व्यवस्थापन, क्लिनिकल सेवा व्यवस्थापन, स्वास्थ्य संस्था सहयोग व्यवस्थापनलगायत विभिन्न सूचकका आधारमा गरिएको मूल्याङ्कनमा अस्पतालले कुल ७१ प्रतिशत प्राप्ताङ्क हासिल गरेको उनले जानकारी दिए ।

अस्पालको जग्गा व्यवस्थापन, भवन, फोहर व्यवस्थापन, अस्पतालको सेवा सुविधालगायत विवरण अनुसार अस्पतालले सेवा प्रवाह, संस्थागत व्यवस्थापन र स्वास्थ्य सेवाको गुणस्तर सुधारमा उल्लेखनीय प्रगति हासिल गरेको छ ।

स्थानीय तहको स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी र सेवामुखी बनाउन अस्पतालले निरन्तर सुधारका प्रयासमा यो नतिजाले थप हौसला प्रदान गरेको डा पौडेलको भनाइ छ ।

अस्पताल प्रशासनले आगामी दिनमा सेवा प्रवाहलाई अझ प्रभावकारी, उत्तरदायी र नागरिकमैत्री बनाउँदै डा पौडेले उपलब्धिलाई निरन्तरता दिने प्रतिबद्धता गर्दै गलकोट नगरपालिकाको पनि सहयोग रहेको उल्लेख गरे । रासस

**थापाको गर्जन...**

पक्तिमा आग्रह गरेका थिए । रास्वपाका पार्टी सभापति तथा कार्यक्रमको सभापति समेत रहेका रवि लामिछानेले भावुक हुदै पार्टी स्थापना पछिका घटनाहरु सुनाउदै गएको वर्ष पार्टी स्थापना दिवश मनाउन भैरवा कारगारवाट मैले पठाएको सन्देश सवै साथीहरुले कार्यन्वय गर्नुभयो तर म निक्कै कठिन अवस्थामा भैरवा कारागारमा गोलघरमा थिए भनेर सुनाउदा धेरैको आखावाट आशु आएको थियो । उनले यो सर्घषको क्रममा साथ दिने निकिता पौडेल र दिदीको नाम समेत लिएका थिए ।

रास्वपाको महाधिवेशन ७ गतेवाट शुरु भई ९ गते समापन हुने कार्यक्रम रहेको भएपनि आयोजकले थप एक दुई दिन लम्बिन सक्ने जानकारी दिएको छ । जान्नेलाई छान्ने पुस्तारण नेतृत्व हस्तारणको नारा बोकेर नथाकेको रास्वपामा पदलको लोभ भने जिल्ला, प्रदेशमा रहेका हिजोका दुईचार जना मानिस नै पुराना पार्टीभन्दा पनि बढी लालाची भएको देखिन्छ । चितवन महाधिवेशनले नेतृत्व नयाँ पुस्तामा हस्तान्तरण गर्न सक्छकी सक्दैन भन्ने मूल प्रश्न बनिरहेको छ । नतिजा नआएसम्म भन्न सकिने अवस्था छैन ।

**श्रीकृष्ण मृत्यु प्रकरण...**

अपराध अनुसन्धान कार्यालयका इन्स्पेक्टर प्रेम रेग्मी र प्रहरी नायब निरीक्षक(सई) राजेश्वर सापकोटा गरी पाँच सदस्यीय छानबिन समिति गठन गरिएको थियो ।

आफन्त र अधिकारकर्मीहरूले उनको मृत्युबारे शंका व्यक्त गरिरहेका छन् । केही जनप्रतिनिधिदेखि सांसदसमेतले प्रहरीको भूमिकामा सन्देश व्यक्त गरेर प्रदर्शन र दबाबका कार्यक्रम गरिरहेका थिए । यसरी दबाब बढ्दै गएपछि प्रहरीले छानबिन समिति बनाएको हो । गृहमन्त्रीकाअनुसार समितिको प्रतिवेदन र पोस्टमार्टम रिपोर्टलाई उद्धृत गर्दै विकको मृत्युको कारण आत्महत्या देखिएको स्पष्ट पारे । उनले भने, 'पोस्टमार्टम रिपोर्टमा मृत्युको कारण आत्महत्यासँग मेल खाने उल्लेख गरिएको छ । साथै, हिरासतमा रहँदा प्रहरीले कुनै पनि किसिमको शारीरिक वा मानसिक यातना दिएको पुष्टि नभएको छानबिन प्रतिवेदनमा जनाइएको छ ।'

छानबिन समितिले दिएका अन्य आवश्यक सुझाव तथा सिफारिसहरू कार्यान्वयनका लागि नेपाल प्रहरी प्रधान कार्यालय र जिल्ला प्रशासन कार्यालय, सिन्धुलीमा पठाइसकिएको मन्त्रालयले जनाएको छ ।

उक्त क्रममा गृहमन्त्रीले जातीय भेदभाव तथा सामाजिक र धार्मिक रूपमा संवेदनशील मुद्दाहरूको प्रभावकारी सम्बोधनका लागि नेपाल प्रहरीभित्र 'दलित सेल' कार्यान्वयनमा ल्याइएको समेत बताए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रजस्तै यो सेलले पीडितमैत्री अनुसन्धान गरी नागरिकमा विश्वास जगाउने उनको भनाइ थियो ।

सांसदले उठाएका प्रश्नप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको बताउँदै गृहमन्त्री गुरुङले यस प्रकरणलाई अझ गहिरो गरी अध्ययन गरिने र प्राप्त हुने थप जानकारीबारे पुनः सदनलाई अवगत गराइने प्रतिबद्धता जनाए ।

**बैठकमा अनुपस्थित...**

अनुपस्थित रहने सदस्यले सभापतिलाई कुनै माध्यमबाट जानकारी दिनु पर्नेछ । लगातार पाँच वटासम्म बैठकमा अनुपस्थित रहने सदस्यले सभापति समक्ष अनुपस्थितिको कारणसहितको लिखित निवेदन विद्युतीय माध्यम वा अन्य कुनै माध्यमबाट पेस गर्नं पर्नेछ । सभापतिलाई लिखित जानकारी गराई बैठकमा अनुपस्थित रहने सदस्यको भने हाजिरी पुस्तिकामा नामको पछाडि उपस्थित हुन नसक्ने बेहोराको निवेदन प्राप्त भन्ने बेहोरा उल्लेख गरिनेछ । बैठकको एजेण्डा भने एक दिन अगावै सदस्यहरूलाई दिने भनिएको छ । कार्यविधिको बुँदा नम्बर ३ मा बैठकको कार्यसूचीसम्बन्धी व्यवस्था छ । जसअनुसार समितिको बैठकको कार्यसूची सभापतिको सल्लाह र निर्देशनमा समिति सचिवले तयार गर्नेछ । अगाडि भनिएको छ, 'त्यस्तो कार्यसूचीको जानकारी बैठक प्रारम्भ हुनुभन्दा कम्तीमा एक दिन अगावै सदस्यहरूलाई उपलब्ध वा जानकारी गराइने छ ।'

तर समितिको बैठक आकस्मिक रूपमा बस्नुपरेमा वा एकै दिनमा एकभन्दा बढी बैठक बस्नुपरेमा त्यस्तो बैठकको कार्यसूची बैठक बस्नुभन्दा सामान्यतया कम्तीमा आधा घण्टाअघि जानकारी गराए पनि हुने प्रावधान राखिएको छ ।

**महानिर्देशक तीर्थराज...**

त्यस्ती मल्ल जर्मन कम्पनी म्यूलबैरका नेपाल प्रतिनिधि हुन् । मल्ललाई अख्तियारले पक्राउ गरिसकेको छ । थापा भने सम्पर्कविहीन छन् । आयोगले ४ असारमा सूचना जारी गर्दै ई(पासपोर्ट खरिद प्रकरणमा अनुसन्धानका लागि जर्मन कम्पनीको प्रतिनिधिलाई बयानका लागि बोलाएको थियो । अख्तियारले समबार नै पासपोर्ट विभागका महानिर्देशक तीर्थराज अर्यालसहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो । यो मुद्दामा उनीहरूको पनि नाम छ । नेपालमा राजनीतिक चलखेल गरेर ठेक्काको स्पेसिफिकेसनहरू बदल्दै ठेक्का दिलाउने काममा उनीहरूले कम्पनी प्रतिनिधिको रुपमा भूमिका खेलेका थिए । राहदानी विभागले २०८१ मङ्सिरमा पाँच वर्षका लागि ६४ लाख थान नयाँ विद्युतीय राहदानी आपूर्ति र त्यसको प्रणाली व्यवस्थापन गर्न ग्लोबल टेन्डर आह्वान गरेको थियो । २०८१ फागुन ९ मा विभागका महानिर्देशक तीर्थराज अर्यालको नेतृत्वमा बोलपत्र मूल्याङ्कन समिति गठन भएको थियो ।

छपाइको ठेक्का जर्मन कम्पनी भेरिडोस र मुल्हबाउरले १ अर्ब ५५ करोडको प्याकेज र भेरिडोसले ६ अर्ब ५५ करोडको ठेक्का पाएका थिए । ठेक्का सम्झौता अनुसार राहदानी छपाइ र प्रणाली व्यवस्थापनको काम भने अझै भएको छैन । राहदानी छपाइमा भएको अनियमितताको विषयमा सोधपुछ गर्नका लागि तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवालाई पनि अख्तियारले बोलाएको थियो ।

**फेरि पनि नेपाल...**

ब्ल्याकलिस्ट नराख भन्दै प्रतिबद्धता गरेपछि नेपाल जोगिएको थियो ।

सोहीअनुसार आईएमएफको सल्लाहमा नेपालले नीतिगत सुधार गरेपछि नेपाल ब्ल्याक लिस्टबाट जोगिँदै सन् २०१४ मा ग्रे लिस्टबाट स्तरोन्नति पनि भएको थियो । त्यसयता ग्रे लिस्टबाट बाहिर निस्किन नेपालले गरेको प्रयास सफल हुन सकेको छैन ।

खैरो सूचीबाट बाहिर निस्किनका लागि नेपाललाई कानुन कार्यान्वयन, वित्तीय अनुगमन प्रणली, जोखिमयुक्त क्षेत्र नियन्त्रण लगायतका क्षेत्रमा सुधार गर्न एफएटीएफले सुझाव दिएको छ ।

एफएटीएफ सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधमा लगानी रोक्न संसारभरका मुलुकहरुले खडा गरेको अन्तरसरकारी निकाय हो । यसले सम्पत्ति शुद्धीकरणको जोखिममा रहेका मुलुकलाई 'ब्ल्याक लिस्ट' तथा 'ग्रे-लिस्ट'मा राख्दै आएको छ । एफएटीएफले सम्पत्ति शुद्धीकरण तथा आतंकवादमा लगानी नियन्त्रणमा कुनै पनि मुलुकको अवस्थालाई प्रभावकारितासम्बन्धी ११ सूचक तथा प्राविधिकतर्फ ४० सूचकमा मूल्यांकन गर्ने गर्छ ।

**रास्वपाको पहिलो महाधिवेशन...**

भइसकेका छन् भने अब केन्द्रीय नेतृत्व चयनको प्रक्रिया अघि बढिरहेको छ ।

महाधिवेशनमा केन्द्रीय सदस्य बन्न इच्छुक उम्मेदवारका लागि शुल्क र समर्थकको व्यवस्था गरिएको छ । केन्द्रीय सदस्य पदका आकांक्षीले २१ हजार रुपैयाँ शुल्क बुझाउनुपर्ने र आवश्यक समर्थक जुटाउनुपर्ने व्यवस्था गरिएको छ ।

रास्वपाको महाधिवेशन उद्घाटन कार्यक्रममा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू सहभागी भए । नेपाली कांग्रेसका महामन्त्री गगन थापा, जनमत पार्टीका अध्यक्ष सीके राउत, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनलगायत नेताहरूले महाधिवेशन सफलताको शुभकामना दिए ।

कार्यक्रममा नयाँ पुस्ताको राजनीति, वैकल्पिक शक्ति र देश परिवर्तनका विषयमा नेताहरूले आफ्ना धारणा राखेका थिए । महाधिवेशनमा सहभागी नेताहरूले नयाँ पुस्ताको सक्रियता र राजनीतिक चेतनाको चर्चा गरेका थिए । रास्वपाले आफूलाई वैकल्पिक राजनीतिक शक्तिका रूपमा प्रस्तुत गर्दै आएको छ । पहिलो महाधिवेशनबाट पार्टीले आगामी राजनीतिक यात्रा र संगठन विस्तारको स्पष्ट दिशा तय गर्ने अपेक्षा गरिएको छ । महाधिवेशनको बन्दसत्र प्रतिनिधि व्यवस्थापन र तयारीका कारण निर्धारित समयमा सुरु हुन सकेन । प्रतिनिधि कार्ड वितरण र प्रक्रिया पूरा भएपछि बन्दसत्र सञ्चालन गर्ने तयारी गरिएको थियो ।

अब रास्वपाको महाधिवेशनले कस्तो नेतृत्व चयन गर्छ र आगामी राजनीतिक यात्रालाई कुन दिशामा लैजान्छ भन्ने विषयमा सबैको ध्यान केन्द्रित भएको छ ।

**गगन थापा...**

राखे । उनले नयाँ दलहरूले पुराना दलका कमजोरीबाट सिक्नुपर्ने भन्दै नेतृत्वलाई देवत्वकरण गर्ने संस्कृतिबाट बच्न सुझाव दिए ।

**सीके राउत ...**

पूरा गर्नंपर्ने बताए । उनले रवि लामिछानेको राजनीतिक यात्रालाई समेत चर्चा गर्दै नयाँ राजनीतिक अभ्यासको आवश्यकता औंल्याए ।

**राजेन्द्र लिङ्देन...**

लागि आएको अवसर गुमाउन नहुने भन्दै देशको हितमा काम गर्न सुझाव दिए । उनले नयाँ दलप्रति जनताको अपेक्षा ठूलो रहेको पनि बताए ।

**बालेन...**

उनले सरकारका काम, विकास योजना र जनताका समस्यालाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं ।

स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'चतुरे'को निधन



काठमाडौं- हास्य कलाकार खेम शर्माको निधन भएको छ ।

खेम शर्मा भन्दापनि 'चतुरे' उपनामले परिचित उनको निधन आइतबार बिहान अमेरिकाको बाल्टिमोरस्थित मिडस्टार युनियन मेमोरियल अस्पतालमा उपचारका क्रममा उनको ६५ वर्षको उमेरमा निधन भएको हो । उनलाई सात वर्षदेखि क्यान्सर रोगबाट पीडित थिए । शर्मा लामो समयदेखि अमेरिकामा परिवारसँग बस्दै आएका थिए । रंगमञ्चबाट अभिनय यात्रा सुरु गरेका उनलाई 'चतुरेको दाउपेज' नामक टेलिश्रृंखलाले दर्शकमाझ चिनाएको थियो । यसपछि उनी वास्तविक नामले भन्दा 'चतुरे' उपनामले बढी चिनिए । हास्य अभिनयमा उनको कमिक टाइमिङ उत्कृष्ट मानिन्थ्यो ।

उनले नाटक र टेलिसिरियलसँगै 'गोठालो', 'करोडपति', 'नेपाली बाबु' ,'परेली' 'धर्म', 'घाम छायाँ' जस्ता एक दर्जनभन्दा बढी फिल्ममा पनि अभिनय गरेका छन् । उनले पछिल्लो पटक सन् २००६ मा प्रदर्शन भएको फिल्म 'छिमेकी : समयको डोरी' नामक फिल्ममा अभिनय गरेका थिए । यही नै उनको अन्तिम फिचर फिल्म बनेको छ ।

# मदनकृष्णाको जीवनकथामा फिल्म बन्ने




काठमाडौं- लोकप्रिय कलाकार मदनकृष्ण श्रेष्ठको जीवनकथामा फिल्म बन्ने भएको छ ।

सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच 'मदनकृष्ण' फिल्मको औपचारिक रूपमा निर्माण गर्ने घोषणा गरेको हो । मिलन चाम्सको निर्देशनमा श्रेष्ठको बायोपिक बनाउन लागेका हुन् । निर्देशक गत वर्षको सुपरहिट फिल्म 'अञ्जिला'का निर्देशक हुन् ।

फिल्ममा मदनकृष्णको भूमिका अभिनेता महेश त्रिपाठीले निर्वाह गर्नेछन् । उनको जोडीका रूपमा अभिनेत्री केकी अधिकारी देखिनेछिन् । उनले मदनकृष्णकी श्रीमती यशोधाको भूमिकामा अभिनय गर्ने जनाइएको छ ।

यम थापाको लेखन रहेको फिल्ममा महेश र केकीसहित हरिवंश आचार्य, किरण केसी, देशभक्त खनाल, राजाराम पौडेल, यमन श्रेष्ठ, रुषा न्यौपानेलगायतका कलाकारहरूको पनि अभिनय रहनेछ । कृष्ण जन्माष्टमीको दिन पारेर भदौ १९ गतेबाट छायांकन सुरु हुने यस फिल्मलाई राजकुमार श्रेष्ठले निर्माण गर्नेछन् । थापा 'लालीबजार'का निर्देशक पनि हुन् ।

फिल्ममा मदनकृष्णको कलाकारिता यात्रा, जागिरे जीवन, पत्नी वियोग, हरिवंश आचार्यसँगको मित्रतालगायतका विभिन्न पाटोलाई देखाइने जनाइएको छ । फिल्मका केही दृश्यमा मदनकृष्ण पनि देखिनेछन् । केही दिनअघि फिल्मका लागि राष्ट्रपति कार्यालयमा एक दृश्य समेत खिचिएको थियो, जहाँ मदनकृष्णले राष्ट्रपति रामचन्द्र पौडेलबाट दीर्घ साधना सम्मान लिएका थिए ।

'मदनकृष्ण' निर्देशक चाम्सको चौथो बायोपिक फिल्म हुनेछ । उनले पहिलो पटक निर्देशन गरेको बायोपिक फिल्म 'बोबी' थियो । यसपछि 'ब्लाइन्ड रक्स' र 'अञ्जिला' बनाए । नेपाली राष्ट्रिय महिला फुटबल टिमकी अनुभवी गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनकथामा बनेको 'अञ्जिला' नेपाली फिल्मको इतिहासमा सबैभन्दा धेरै कमाउने बायोपिक हो ।

# 'झिँगेदाउ २'को नयाँ पोस्टर सार्वजनिक




काठमाडौं- 'झिँगेदाउ २' को नयाँ तीनवटा पोस्टर सार्वजनिक भएको छ ।

संविधान दिवसको अवसर पारेर असोज २ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'झिँगेदाउ २ 'ले प्रचार अभियानलाई तीव्रता दिने गरि सोमबार फिल्मका तीनवटा नयाँ पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका मुख्य कलाकार हरूलाई समेटिएको पोस्टरले यसको कथावस्तुबारे संकेत गरेको छ ।

एक पोस्टरमा महेश त्रिपाठी र कुशल विष्टले हिउँवाला गौतमको सामु हात जोड्दै माफी मागेको देख्न सकिन्छ । सोही पोस्टरमा केकी अधिकारी र आँचल शर्मा झ्यालबाट टाउको निकालेर खुसी मुद्रामा देखिएका छन् । अर्को पोस्टरमा भने दशैंको माहोल देखाइएको छ, जहाँ पिर्के पिङदेखि चङ्गासम्मका दृश्य छन् ।

तेस्रो पोस्टरमा आर्यन सिग्देललाई पनि स्थान दिइएको छ । उनको लुक्सले दर्शकलाई फिल्मप्रति कौतुहलता बढाउने देखिन्छ । ढाका टोपी र पावरवाला चस्मा लगाएका उनी गाउँको मुखियाको भूमिकामा हुनसक्ने अनुमान लगाउन सकिन्छ । फिल्मका तीन पोस्टर हेर्दा यसको कथा पारिवारिक सम्बन्धमा आउने उतारचढाव र भावनात्मक द्वन्द्वमा केन्द्रित रहेको देखिन्छ ।

ज्ञानेन्द्र देउजाको निर्देशनमा तयार भएको यस फिल्ममा सरोज खनाल, बसुन्धरा भुसाल, चैत्यदेवी सिंह, संगम भण्डारी, अयभराज बराल, अंशु महर्जन, विजय देउजा, उत्तम केसी, शिवहरि वैरागी, आशा भुसाल, विनोद कुमार पौडेललगायतका कलाकारहरूको पनि अभिनय रहेको छ ।

# फेरि देखिँदै दयाहाङ र मिरुनाको जोडी



काठमाडौं- अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको जोडी एकपटक फेरि पर्दामा देखिने भएको छ ।

'मितज्यू'का निर्देशक अनिल बुढा मगरको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'रातो घेरा' (द रेड सर्कल)मा उनीहरू एकसाथ देखिन लागेका हुन् । अनिलको पहिलो फिचर फिल्म 'घरज्वाइँ'मा पनि उनीहरूको मुख्य भूमिका थियो ।

विश्राम फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्मको कथा सामाजिक र भावनात्मक पक्षमा आधारित हुने जनाइएको छ । फिल्मले मनोरञ्जनसँगै गहिरो सन्देश पनि दिने निर्देशक मगरले बताए । उनका अनुसार असार तेस्रो साताबाट फिल्मको छायांकन सुरु हुनेछ । अहिले कलाकार र प्राविधिक छनोटको काम भइरहेको उनले जानकारी दिए ।

काफिया फिल्म्सका गोविन्द शाहीले वितरण गर्ने यस फिल्मलाई जीवन गुरुङले निर्माण गर्नेछन् । यसअघि उनले गुरुङ संस्कृतिमा आधारित फिल्म 'ङोल्स्यो रानी' बनाएका थिए । फिल्मलाई दुई श्रृंखलामा निर्माण गरिने जनाइएको छ । यसै वर्ष प्रदर्शन गर्ने लक्ष्य राखिएको फिल्ममा मनोज थापा मगरको संगीत रहनेछ ।

# 'सिन्दुरे जात्रा' मंसिर ४ मा





काठमाडौं- कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का जोडी विजय बराल र अञ्जना बराइलीको मुख्य भूमिका रहेको फिल्म 'सिन्दुरे जात्रा' आगामी मंसिर ४ गते (२० नोभेम्बर)बाट प्रदर्शनमा आउने भएको छ ।

करिब ५० प्रतिशत छायांकन पूरा भइसकेको फिल्मको शुक्रबार निर्माताले थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको प्रदर्शन मितिबारे जानकारी गराएका हुन् ।

गत जेठमा पर्वत जिल्लाको कुश्मा नगरपालिका-१४ स्थित आर्थर डाँडाखर्क गाउँमा छायांकनका क्रममा घोडाबाट लडेर विजयको दाहिने हात भाँचिएपछि यतिबेला फिल्मको छायांकन रोकिएको छ । अब यही असार दोस्रो साताबाट बाँकी छायांकन सुरु गर्ने तयारी गरिएको छ ।

'पूर्ण बहादुरको सारङ्गी'का निर्देशक सरोज पौडेलको कथा तथा निर्देशन रहेको यस फिल्ममा विजय र अञ्जनासहित कमलमणि नेपाल, लोकेन्द्र लेखक, भोलाराज सापकोटा, विनोद न्यौपाने, पूर्वमिस नेपाल उषा खड्गीलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । फिल्मको पटकथा तथा संवाद सविन अधिकारी र वसन्त न्यौपानेले तयार पारेका हुन् ।

# अभिनय करिअरको ५ दशकपछि नीर शाहले पाए पहिलो राष्ट्रिय अवार्ड



काठमाडौं- नेपाली फिल्मको सुरुवातदेखि आजसम्मको यात्राका जीवित साक्षी हुन्, नीर शाह । नेपालमा बनेको चौथो फिल्म 'मनको बाँध' (२०३७)बाट उनले अभिनय यात्रा सुरु गरेका थिए । आफ्नो जीवनको ५ दशकभन्दा बढी समय नेपाली फिल्ममा बिताइसकेका उनी आजपर्यन्त पनि अभिनयमा उत्तिकै सक्रिय छन् । फिल्म निर्माण, निर्देशन र लेखनमा पनि उनको ठूलो योगदान छ ।

उनले आफ्नो करिअरमा 'सिन्दूर', 'कुसुमे रुमाल', 'बलिदान', 'प्रेम पिण्ड', 'स्वर्ग', 'सन्तान', 'मुना मदन', 'सानो संसार' जस्ता फिल्ममा गरेको अभिनय स्मरणीय मानिन्छ । तर, उनले अभिनयतर्फ अवार्ड भने कमै पाएका छन् । बरु फिल्म क्षेत्रमा पुऱ्याएको योगदानका लागि उनले विभिन्न सरकारी र निजी संस्थाबाट थुप्रै सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् ।

उमेरले ७२ वर्षमा टेकिसकेका शाहका लागि यस वर्ष भने जीवनकै सबैभन्दा महत्त्वपूर्ण क्षण बनेको छ । किनकि, उनले आफ्नो ५ दशकभन्दा लामो अभिनय करिअरमा पहिलो पटक राष्ट्रिय अवार्ड प्राप्त गरेका छन् । शुक्रबार राष्ट्रपति कार्यालय शितल निवासमा आयोजित एक समारोहमा उनले फिल्म 'परान'बाट उत्कृष्ट अभिनेताको अवार्ड पाएका हुन् । गत वर्ष प्रदर्शनमा आएको 'परान' उनको करिअरको सर्वाधिक कमाउने फिल्म हो । यसले घरेलु बक्स अफिसमा लगभग १८ करोडको व्यापार गरेको थियो । यसमा उनले धर्मनाम पात्रको भूमिकामा जीवन्त अभिनय गरेका थिए । फिल्मको कथा नै उनको पात्रमा केन्द्रित थियो । फिल्म रिलिजको बेला उनले यो फिल्मलाई आफ्नो करिअरको 'क्लाइमेक्स' भनेका थिए ।

# 'आ बाट आमा २'को छायांकन नसकिँदै अर्को फिल्ममा पाल शाह




काठमाडौं- निर्देशक चन्द्र पन्त र अभिनेता पल शाहले तेस्रो पटक फिल्ममा सहकार्य गर्ने भएका छन् ।

शुक्रबार उनीहरूबीच नयाँ फिल्मका लागि लिखित सम्झौता भएको हो । चन्द्र र पलको पहिलो पटक 'आ बाट आमा'मा सहकार्य भएको थियो । यसको दोस्रो श्रृंखला (सिक्वेल)मा पनि पलको मुख्य भूमिका रहेको छ । नयाँ फिल्मको भने नाम सार्वजनिक गरिएको छैन ।

शुक्रबार 'आ बाट आमा २ 'को पहिलो चरणको छायांकन सकिएलगत्तै निर्देशक पन्तले पललाई आफ्नो नयाँ फिल्ममा अनुबन्धित गरेका हुन् । यस फिल्मको नाम, अन्य कलाकार तथा प्राविधिकहरूको विवरण केही समयपछि सार्वजनिक गरिने निर्देशक पन्तले जानकारी दिए । उनले पलसँगको नयाँ फिल्म 'आ बाट आमा ३' भने नहुने स्पष्ट पारेका छन् ।

शुक्रबारबाट नेपाल सेड्युल पूरा भएको 'आ बाट आमा २'को अब बेलायतको लन्डनमा बाँकी छायांकन गरिने जनाइएको छ । निर्माण टिमले असारभित्रै त्यहाँ छायांकन गर्ने तयारी गरेको छ । कथाको मागअनुसार नै फिल्मका केही दृश्य लन्डनमा खिच्न लागिएको निर्देशक पन्तले बताए । यसअघि उनले भोजपुरी फिल्म 'निरहुआ चलल लन्डन'को छायांकन पनि त्यहीं गरेका थिए ।

## 'हली'को टिजरमा छाउपडी प्रथाको कथा

काठमाडौं- आगामी साउन २२ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'हली'को टिजर सार्वजनिक गरिएको छ । शुक्रबार सार्वजनिक साढे १ मिनेट लम्बाइको टिजरले फिल्मको कथावस्तु र सेटिङबारे प्रकाश पारेको छ । छाउपडी प्रथालाई फिल्मले मुख्य विषयवस्तु बनाएको टिजरले प्रस्ट पार्छ । फिल्म ग्रामीण परिवेशमा आधारित भएर निर्माण भएको छ ।

महिनावारी हुँदा महिलालाई छाउगोठमा राख्ने प्रचलनलाई टिजरमा देखाइएको छ । महिनावारी भएकी छोरीलाई स्कुलले परीक्षा दिन समेत अस्वीकार गरेपछि बाबुले पूरै गाउँ र स्कुलविरुद्ध अदालतमा मुद्दा हालिदिन्छन् । त्यसपछि गाउँले उनीहरूमाथि गर्ने व्यवहार र कानुनी लडाइँलाई टिजरमा मर्मस्पर्शी रूपमा चित्रण गरिएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४६,
२०८३ साल असार ९ गते मंगलबार
23 JUNE 2026, TUESDAY

# पी २ प्रि-प्रोडक्सन चरणमा प्रवेश

काठमाडौं- नेपाली कम्पनी यात्री मोटरसाइकल्स र सिप्रदी ट्रेडिङको सहकार्यमा निर्माण भइरहेको 'मेड इन नेपाल' विद्युतीय दुईपाङ्गे सवारी पीर अहिले प्रि-प्रोडक्सन चरणमा प्रवेश गरेको छ ।

कम्पनीले सार्वजनिक गरेको जानकारी अनुसार लामो समयसम्म विभिन्न भौगोलिक क्षेत्रमा गरिएको परीक्षण सफल भएपछि पीर अब बजारमा 'इन्ट्री' गर्ने नजिक पुगेको हो ।

कम्पनीले सामाजिक संजालमार्फत सार्वजनिक गरेको पोस्टमा पीर विकास यात्रा हजारौं किलोमिटर परीक्षणका क्रममा हिमाली भूभाग दोलखाको जिरीमा पुगेको छ ।

धेरै प्राविधिक परीक्षण तथा इन्जिनियरहरुको निरन्तर मेहनतबाट नेपालको हरेक भूगोलहरुमा परीक्षण गरेर स्कुटरलाई 'राम्रो मात्र होइन, उत्कृष्ट उत्पादन' बनाउने




लक्ष्यसहित काम गरिएको कम्पनीको दाबी छ ।

पीर को परीक्षण नेपालका विभिन्न भूभागमा गरिएको छ । यात्रीले तराईदेखि मध्यपहाडसम्मका सडकमा दैनिक सयौं किलोमिटर चलाएर यसको सहनशीलता, पफ्रमेन्स र विश्वसनीयताको परीक्षण गरेको थियो । परीक्षणका क्रममा जिरी सहित काठमाडौं, मुलकोट, कटारी, भरतपुर र वालिङलगायत क्षेत्रमा स्कुटर चलाइएको कम्पनीले जनाएको छ ।


नेपाली सडक र भौगोलिक अवस्थालाई ध्यानमा राखेर विकास गरिएको पीर लाई स्थानीय उत्पादन र नवप्रवर्तनको महत्वपूर्ण उपलब्धिका रुपमा हेरिएको छ । यसअघि सार्वजनिक भएका विवरणहरु अनुसार स्कुटरमा आधुनिक डिजाइन, मिड-माउन्टेड मोटर, डिस्क ब्रेक र नेपाली बजारलाई लक्षित विभिन्न स्मार्ट सुविधाहरु समावेश गरिएका छन् ।

यात्रीले पीर लाई नेपालमै डिजाइन र उत्पादन गरिएको नयाँ पुस्ताको विद्युतीय स्कुटरका रुपमा प्रस्तुत गर्दै आएको छ । कम्पनीका अनुसार अब स्कुटर प्रि-प्रोडक्सनको चरणमा प्रवेश गरिसकेको छ र व्यावसायिक उत्पादन तथा बजार प्रवेशको प्रतीक्षा छोटिँदै गएको छ ।

विद्युतीय सवारी उत्पादनमा स्वदेशी क्षमता विस्तार गर्ने लक्ष्यसहित अघि बढेको यो परियोजनाले नेपालमा स्थानीय उत्पादनमा आधारित विद्युतीय दुईपाङ्गे उद्योगलाई नयाँ उचाइमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

यसले आफ्नो उत्पादन प्लान्ट अहिले गल्छीमा निर्माण गरिरहको छ । उक्त उत्पादन प्लान्टको निर्माण कार्य पनि लगभग अन्तिम चरणमा पुगेको कम्पनीले जनाएको छ ।

# 'ओरा ५' नेपालमा सार्वजनिक




काठमाडौं- विश्वव्यापी अटोमोबाइल ब्रान्ड जीडब्लूएम (ग्रेट वाल मोटर)को प्रिमियम विद्युतीय एसयूभी ओरा५ नेपाली बजारमा सार्वजनिक गरिएको छ ।

जीडब्लूएमको नेपालका लागि आधिकारिक वितरक भीजी इम्पेक्स प्रालिले सोमबार काठमाडौंमा एक समारोहबीच ओरा५ सार्वजनिक गरेको हो । कम्पनीका अनुसार ओरा ५ अन्तर्राष्ट्रिय बजारमा लोकप्रिय मोडलमध्ये एक हो । यो गाडीमा आधुनिक प्रविधि, आकर्षक डिजाइन, उच्च सुरक्षा मापदण्ड तथा प्रिमियम सुविधा समावेश गरिएको छ । कम्पनीले नेपाली बजारमा ओरा ५ ले नयाँ आयाम थप्ने विश्वास लिएको छ । कम्पनीले सार्वजनिक गरेको विशेष प्रारम्भिक मूल्यअनुसार मिड भेरियन्टको मूल्य ४६ लाख ९९ हजार रुपैयाँ र टप भेरियन्टको मूल्य ५१ लाख ९९ हजार रुपैयाँ निर्धारण गरिएको छ ।

कम्पनीका अनुसार ओरा ५ ले एकपटकको फुल चार्जमा अधिकतम ५२० किलोमिटरसम्म रेन्ज दिन्छ । गाडीमा २०० एमएम ग्राउन्ड क्लियरेन्स, प्यानोरामिक सनरुफ, प्रिमियम सिट, ३६० डिग्री सराउन्ड भ्यु क्यामेरा, १८० डिग्री च्यासिस भ्यु क्यामेरा तथा सेल्फ-हिल फास्ट टेक्नोलोजीलगायत सुविधा छन् ।

गाडीमा उन्नत चालक सहायता प्रणाली, लेन किप असिस्ट, अटोमेटिक इमर्जेन्सी ब्रेकिङ, एडाप्टिभ क्रुज कन्ट्रोल, स्मार्ट पार्किङ तथा विभिन्न ट्राफिक साइन पहिचान प्रणाली जस्ता आधुनिक सुरक्षा प्रविधि जडान गरिएको छ ।

जीडब्लूएम विश्वका १७० भन्दा बढी देशमा पुगिसकेको छ । कम्पनीले विश्वभर ८ करोडभन्दा बढी सवारीसाधन बिक्री गरिसकेको जनाएको छ ।

# इनफिल्डद्वारा विश्व मोटरसाइकल दिवसमा भैरहवा-लुम्बिनी राइड

काठमाडौं- रोयल इनफिल्डले विश्व मोटरसाइकल दिवसको अवसरमा भैरहवाबाट लुम्बिनीसम्म विशेष समूह राइड कार्यक्रम सम्पन्न गरेको छ ।

नेपालका लागि आधिकारिक वितरक अल्फा अटोमोटिभ प्रा.लि. अन्तर्गतको प्रिमियम मोटरसाइकल ब्रान्ड पनि हो ।

भैरहवाबाट सुरु भएको राइड लुम्बिनी पुगेर विभिन्न मनोरञ्जनात्मक तथा सचेतनामूलक गतिविधिसहित १२५ भन्दा बढी रोयल एनफिल्ड राइडरहरूको उत्साहजनक सहभागिता रहेको कम्पनीले जनाएको छ । सुरक्षित र जिम्मेवार मोटरसाइकल चलाउने संस्कृतिलाई प्रवर्द्धन गर्ने उद्देश्यले राइडिङ सेफ्टी, रोड सेफ्टी अवेरनेस र गियर सम्बन्धी ज्ञान आदान प्रदान तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

सहभागीहरूका लागि विभिन्न खेलकुद गतिविधि, फोटोसुट तथा भिडियोसुट, क्लब मिटअप, स्विमिङ, सांगीतिक प्रस्तुति तथा गाला डिनर कार्यक्रमको समेत व्यवस्था गरिएको थियो । कार्यक्रममा सहभागी



राइडरहरूले आपसी सम्बन्ध सुदृढ गर्नुका साथै जिम्मेवार र सुरक्षित राइडिङ संस्कृतिको प्रवर्द्धनमा आफ्नो प्रतिबद्धता व्यक्त गरेको कम्पनीले जनाएको छ ।

रोयल इनफिल्ड नेपालले आफू नियमित रूपमा राइडिङ संस्कृति, समुदाय निर्माण तथा जिम्मेवार मोटरसाइकल यात्रालाई प्रवर्द्धन गर्ने अग्रणी ब्रान्डमध्ये एक भएको जनाएको छ । । कम्पनीको 'प्युर मोटरसाइकलिङ' भन्ने मुख्य सिद्धान्तअनुरूप यसले नेपालभर विभिन्न राइड, समुदाय केन्द्रित कार्यक्रम तथा एड्भेन्चर गतिविधिहरू संचालन गर्दै आएको जनाएको छ । विश्वव्यापी रूपमा पनि रोयल इनफिल्डले मोटरसाइकल समुदायलाई जोड्ने विभिन्न प्रतिष्ठित कार्यक्रमहरू आयोजना गर्दै आएको छ । भारतको गोवामा आयोजना हुने मोटोभर्स तथा चुनौतीपूर्ण र उच्च हिमाली भूभाग पार गर्दै गरिने हिमालयन ओडिसी जस्ता कार्यक्रममार्फत विश्वभरका हजारौं मोटरसाइकल पारखीहरूलाई एकै मञ्चमा ल्याउने कार्य गरिरहेको कम्पनीको भनाइ छ ।

# ग्रेट वाल मोटरको महत्त्वपूर्ण उपलब्धिहरू सार्वजनिक



काठमाडौं- ३५औं वार्षिकोत्सवको अवसरमा ग्रेट वाल मोटर (जीडब्लुएम) ले आफ्नो अन्तर्राष्ट्रिय यात्राका महत्त्वपूर्ण उपलब्धिहरू सार्वजनिक गरेको छ ।

खाडीमा पहिलो निर्यात ढुवानीबाट सुरु भएको यसको यात्रा क्रमशः युरोप, अष्ट्रेलिया, दक्षिण अफ्रिका, युरेसिया, र अझ अगाडि थाइल्याण्ड, जर्मनी, ब्राजिल र मेक्सिकोमा विस्तार भएको छ । प्रत्येक नयाँ बजार प्रवेशसँगै कम्पनीले स्थानीय उत्पादन, स्थानीय संचालन र विश्वव्यापी आपूर्ति श्रृंखला एकीकरणको सिद्धान्तलाई अंगीकार गरेको छ ।

एउटा सानो आन्तरिक सवारी साधन उत्पादकको रूपमा सुरु भएको जीडब्लुएमले हाल विश्वका १७० भन्दा बढी देश र क्षेत्रहरूमा आफ्नो उपस्थिति स्थापित गरिसकेको जनाएको छ । हाल कम्पनीका पाँच प्रमुख उत्पादन श्रृंखलाहरू 'हाभेल, वेइ, ट्यांक, ओरा र पोइर'ले व्यापक र विविध पोर्टफोलियो बनाएको भनिएको छ । फलस्वरूप, हाभेल एसयुभीको कुल विश्वव्यापी बिक्री ५० लाख युनिट नाघेको जनाइएको छ ।

न्यूएनर्जी र अफरोड मोबिलिटीको मापदण्डलाई पुनः परिभाषित गर्ने एचआए४ प्रविधिको सुरुवात र ब्राजिलमा स्थानीय उत्पादन प्लान्टको स्थापना जस्ता पहलहरूले कम्पनीलाई दिगो र बौद्धिक मोबिलिटीमा विश्वव्यापी अग्रणीको रूपमा स्थापित गरेको जनाइएको छ । ग्रेट वाल मोटर्सले हालसम्म विश्वभर १ करोड भन्दा बढी सवारी साधन बिक्री गरिसकेको छ ।

जीडब्लुएमको इलेक्ट्रिक सब-ब्रान्ड ओराले आफ्नो विशिष्ट र भावनात्मक डिजाइन शैलीका लागि विश्वभर व्यापक मान्यता र प्रशंसा कमाएको कम्पनीको भनाइ छ ।

यी विश्वव्यापी उपलब्धिहरूलाई थप सुदृढ गर्दै जीडब्लुएमले भर्खरै आफ्नो नयाँ ब्रान्ड मूल्य प्रणाली र मिशनः 'टेक टु इन्जोय एभ्री जर्नी'सार्वजनिक गरेको छ । यो मिसनले 'सबै परिदृश्य, सबै पावरट्रेन, सबै प्रयोगकर्ता' उत्पादन रणनीति मार्फत विश्वभरका ग्राहकहरूका लागि वास्तविक र दिगो मूल्य सिर्जना गर्ने कम्पनीको दीर्घकालीन प्रतिबद्धतालाई झल्काएको भनिएको छ ।

जीडब्लुएमका लागि प्रविधि मार्फत प्रत्येक यात्रा, चाहे त्यो सहरको ट्राफिकमा यात्रा गर्ने होस् वा अफ-रोड साहसिक कार्यमा निस्कने होस्, सजिलो, सुरक्षित र अझ बढी रमाइलो हुनुपर्ने मान्यता रहेको जनाइएको छ ।

यस विश्वव्यापी विस्तार रणनीतिको एक भागको रूपमा जीडब्लुएम अब नेपालमा पनि उपलब्ध छ । जसले दक्षिण एसियाभर कम्पनीको वृद्धिमा एक महत्त्वपूर्ण कदमको प्रतिनिधित्व गरेको भनिएको छ ।

यस साझेदारी अन्तर्गत, नेपाली बजारमा चाँडै नै एक नयाँ जीडब्लुएम इलेक्ट्रिक एसयुभी सार्वजनिक हुन गइरहेको छ । जसले स्थानीय बजारमा सफा, स्मार्ट र आधुनिक मोबिलिटीको अनुभव प्रदान गर्ने भनिएको छ ।

आगामी इभी एसयुभीमा जीडब्लुएम को उन्नत इलेक्ट्रिक गाडी प्रविधि, सुरक्षा मापदण्ड र इन्टेलिजेन्ट सुविधाहरू समावेश गरिएको छ । यसलाई नेपाली सडक र उपभोक्ताहरूको अद्वितीय आवश्यकताहरू पूरा गर्नका लागि डिजाइन गरिएको भनिएको छ ।

नेपालमा यसको आधिकारिक उपस्थिति र नयाँ इभी एसयुभीको आगामी प्रक्षेपणले कम्पनीको विश्वव्यापी विस्तार रणनीतिलाई मात्र बलियो बनाउने छैन, बरु नेपालको अटोमोबाइल उद्योगमा एक नयाँ युगको सुरुवात गर्ने अपेक्षा पनि गरिएको कम्पनीले जनाएको छ ।

मौसमजन्य भाइरलबाट सुरक्षित बनौं

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाछ्यूँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं
चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार